STRIVE Prep

# विद्यार्थी तथा परिवार पुस्तिका

## हाइ स्कूलहरू
## 2022-2023

managingdirectors@striveprep.org

प्रिय स्ट्राइभ प्रेप विद्यार्थी तथा परिवारहरू,

रोमाञ्चक नयाँ शैक्षिक सत्रमा स्वागत छ! स्ट्राइभ प्रेपलाई छनोट गरेर, तपाईँको बच्चाले कलेज र त्यसपछि सफल हुन आवश्यक सामर्थ्यहरू पत्ता लगाउनेछ र विकसित गर्नेछ।

हाम्रा परिवारहरूसँग सँगै काम गरेर, हामी विद्यार्थीहरूलाई कक्षाकोठाभित्र तथा बाहिर दुवै ठाउँमा समालोचकीय रूपमा सोच्न, स्पष्ट रूपमा सञ्चार गर्न तथा खुला रूपमा सहकार्य गर्न प्रेरित गर्छौं। सिकाइको महत्त्वाकाङ्क्षी उपागमलाई उत्सव र प्रसन्नतासँग सन्तुलन गरेर, हामी हरेक विद्यार्थीमा उत्सुकता, सिर्जनात्मकता तथा सम्भावनाको चेतनालाई मलजल गर्छौं।

आफ्नो बच्चाको स्कूल अनुभवमा तपाईँको संलग्नता एउटा महत्त्वपूर्ण घटक हो र हामी त्यस मार्गको प्रत्येक कदममा मार्गनिर्देशन गर्न र सहयोग गर्न तत्पर छौँ। तपाईँको विद्यार्थी हामीसँग एलिमेन्टरी, मिडल र हाइ स्कूल जुनसुकै तहमा आए तापनि, स्ट्राइभ प्रेप त्यो स्थान हो, जहाँ हरेक विद्यार्थी संसार परिवर्तन गर्न सिकिरहेको हुन्छ। आउनुहोस्, सुरु गरौँ!

हामी परिवारहरूप्रति दुई बाचाहरू पूरा गर्न काम गर्छौं:

1. तपाईँको बच्चा सुरक्षित रहनेछ - यसको अर्थ हामीले न्यानो, संवेदनशील वातावरण सिर्जना गर्नेछौँ, जहाँ हरेक दिन, हरेक बच्चाको शैक्षिक, शारीरिक, सामाजिक, र भावनात्मक कुशलता सुरक्षित राख्नका लागि शिक्षकहरू र स्टाफले काम गर्छन्।
2. तपाईँको बच्चालाई कलेजका अवसरहरू तथा चुनौतीहरूका लागि तयार गरिनेछ - यसको अर्थ हामीले एउटा त्यस्तो सिकाइ वातावरण तयार गर्ने छौँ, जसले हाइ स्कूल, कलेज र त्यसपछिको जीवनका लागि विद्यार्थीहरूका अवसरहरू र विकल्पहरूको विस्तार गर्छ भन्ने हो।

यो पुस्तिका दुई स्ट्राइभ प्रेप हाइ स्कूलहरू - स्मार्ट तथा स्ट्राइभ प्रेप - राइजमा लागू हुन्छ। स्ट्राइभ प्रेपले सातवटा मिडल स्कूलहरू पनि सञ्चालन गर्छ, जसले स्ट्राइभ प्रेप मिडल स्कूल विद्यार्थी तथा परिवार पुस्तिकाले व्याख्या गरेका मार्गदर्शनहरू पालना गर्छन्, तथा एउटा एलिमेन्टरी स्कूल पनि सञ्चालन गर्छ, स्ट्राइभ प्रेप - रूबी हिल, जसले स्ट्राइभ प्रेप एलिमेन्टरी स्कूल विद्यार्थी तथा परिवार पुस्तिकामा व्याख्या गरेका मार्गदर्शनहरूको पालना गर्छ।

हामी तपाईँसँग यो काम गर्न पाउँदा सम्मानित भएका छौँ!

कृतज्ञतासहित,



क्रिस गिब्बन्स
स्ट्राइभ प्रेप संस्थापक तथा सिइओ

# लक्ष्य

हरेक विद्यार्थी जहाँ छन् तिनलाई
त्यहीँ भेट्ने तथा कलेज र करियरमा सफल हुन
उनीहरूलाई समर्थ बनाउने।

# मूलभूत मान्यताहरू

**उपलब्धि:**

- म सबैका लागि शैक्षिक तथा व्यक्तिगत सफलताको उत्सव मनाउन प्रतिबद्ध छु।
- म आफूलाई र अन्यलाई उच्च अपेक्षाहरूप्रति जबाफदेही राख्न प्रतिबद्ध छु।
- म मेरो काममा अनुराग तथा प्रसन्नता ल्याउन प्रतिबद्ध छु।

**न्याय**

- म असमानता, पक्षपात तथा अत्याचारका प्रणालीहरू साभिप्राय तोड्न प्रतिबद्ध छु।
- म सुरक्षित शरीर, मस्तिष्क तथा हृदयको वातावरण सिर्जना गर्न प्रतिबद्ध छु।
- म एउटा यस्तो समुदाय निर्माण गर्न प्रतिबद्ध छु, जहाँ प्रत्येक व्यक्तिले आआफ्ना पूर्ण, वास्तविक व्यक्तित्व ल्याउन सकून्।

**दृढता**

- हामी प्रयासमार्फत तथा गलतीहरू गरेर नै विकसित हुन्छौँ र स्मार्ट बन्दै जान्छौँ भनी विश्वास गर्न म प्रतिबद्ध छु।
- म कोन गानास प्रदर्शित गर्न प्रतिबद्ध छु, जहाँ हामी काम कठिन भए तापनि कहिल्यै काम परित्याग गर्दैनौँ।
- म इमानदारिता प्रदर्शित गर्न र मार्ग दुस्कर भए तापनि सही काम गर्न प्रतिबद्ध छु।

# रजिस्ट्रेसन

रजिस्ट्रेसनको अंशका रूपमा, हरेक आमाबाबु/अभिभावकले आ-आफ्ना बच्चाका लागि डेनभर पब्लिक स्कूल्स अनलाइन रजिस्ट्रेसन पूरा गर्छन्। यसमा निश्चित अभिभावक अनुमति तथा प्रकटीकरणहरू सामेल छन्, त यति मै सीमित छैनन्[1]: शैक्षिक भ्रमण, मेडिया, डिस्ट्रिक्ट बजारीकरण, फोटो तथा भिडियोहरूको वेब तथा आन्तरिक प्रयोग, इन्टरनेट प्रयोग, शैक्षिक प्रविधि र विद्यार्थी तथ्याङ्क गोप्यता, मेरो डेनभर कार्ड, आमाबाबु/अभिभावकहरूका अधिकारहरूको वार्षिक सूचना, निर्देशिका जानकारी, तथा मूल्याङ्कनहरूबाट बाहिरिने। स्ट्राइभ प्रेप डिपिएसद्वारा अनुमोदित चार्टर पब्लिक स्कूल हो र तपाईँले आफ्नो बच्चालाई स्ट्राइभ प्रेपमा भर्ना गरेर तपाईँ डिपिएस अनलाइन रजिस्ट्रेसनमार्फत पूरा गरिएका सम्पूर्ण रजिस्ट्रेसन जानकारी तथा आमाबाबु/अभिभावक अनुमति, स्वीकृतिहरू र रिलिजहरू स्ट्राइभ प्रेपसम्म विस्तारित गरिएको कुरा बुझ्नुहुन्छ र सहमत हुनुहुन्छ।

# शिक्षा

**शैक्षिक स्तरहरू**

एउटा कलेज-प्रिपरेटरी हाइ स्कूलका रूपमा, स्ट्राइभ प्रेपसँग सम्पूर्ण विद्यार्थीहरूका लागि उच्चतम शैक्षिक स्तरहरू छन्। यसमा विद्यार्थीहरूले चुनौतीपूर्ण कक्षाहरू लिने, उच्च-गुणस्तरीय कार्य उत्पादन गर्ने, परीक्षाहरूका लागि पढ्ने र त्यसमा पूर्ण प्रयास लगाउने, शिक्षण स्टाफबाट उच्चतम सहयोग प्राप्त गर्ने अपेक्षा गरिएको छ। यो लक्ष्य पूरा गर्न विद्यार्थीहरू, शिक्षकहरू, र आमाबाबुहरू/अभिभावकहरूबाट सहकार्य तथा सञ्चार आवश्यक छ।

सफल वयस्कहरू बन्न तथा हाम्रा समुदायहरूलाई रूपान्तरण गर्न विद्यार्थीहरूले पूर्ण विकसित मानव बन्नु अपरिहार्य छ भन्नेमा हामी विश्वास गर्छौँ। कम्तीमा, ग्राजुएट गर्दै गरेको विद्यार्थी लिखित तथा मौखिक अभिव्यक्ति, अङ्ग्रेजी तथा एउटा विदेशी भाषा, गणितीय विचार तथा समस्या-समाधानमा प्रवीण हुनेछ साथै वैज्ञानिक जिज्ञाशा, तथ्याङ्क विश्लेषण बुझ्नेछ तथा नतिजाहरूको व्याख्या गर्न सक्नेछ भन्ने अपेक्षा छ। यस अतिरिक्त, स्ट्राइभ प्रेप हाइ स्कूल ग्राजुएटहरू उनीहरूको के-12 शैक्षिक अनुभवहरूपछि वयस्क बन्नका लागि तयार विश्वमा प्रवेश गर्न तयार रहनेछन्। यसमा वित्त, स्वास्थ्यस्याहार, नागरिक शास्त्र, र सामाजिक मुद्दाहरूबारेको शिक्षा सामेल छ। स्ट्राइभ प्रेप हाइ स्कूल ग्राजुएटहरूलाई पश्चिमी तथा गैर-पश्चिमी समाजहरू निर्माण गर्ने विविधतापूर्ण संस्कृतिहरूको व्यापक सराहना र ज्ञान प्राप्त गर्न अवसरहरू पनि प्रदान गरिनेछ।

**व्यक्तिगत करियर तथा शैक्षिक योजना**

स्ट्राइभ प्रेप हाइ स्कूलहरूसहित डेनभर पब्लिक स्कूल्समा प्रवेश गर्ने प्रत्येक विद्यार्थीले व्यक्तिगत करियर तथा शैक्षिक योजना (आइक्याप) विकसित गर्नेछन्। यस योजनाले विद्यार्थीले ग्राजुएसनतर्फको यात्रा सुरु गर्दागर्दै

---

[1] यदि तपाईँ रजिस्ट्रेसन प्याकेटको एक प्रति पाउन चाहनुहुन्छ वा तपाईँसँग प्रश्नहरू छन् भने कृपया आफ्नो बच्चाको प्रिन्सिपलसँग कुरा गर्नुहोस्।

प्रत्येक विद्यार्थीले चाहेको पाठ्यक्रम स्थापित गर्छ। उक्त विद्यार्थी र कलेजको परामर्शदाताले उनीहरूको हाइ स्कूल अनुभवभरि आइक्याको समीक्षा र संसोधन गर्नेछन्। आइक्यापको धेरैजसो विकास परामर्श कार्यक्रममा तथा कलेज सेमिनार कोर्सहरूमा हुनेछ।

**गृहकार्य तथा कोर्सकार्य**
स्ट्राइभ प्रेपले धेरैजसो कक्षाहरूमा विद्यार्थीहरूलाई रात्रिकालीन आधारमा अर्थपूर्ण गृहकार्य प्रदान गर्नेछ (अपवादहरू ब्रेकको अवधि तथा मूल्याङ्कन अवधिहरू हुन्)। गृहकार्यको उद्देश्य सिकाइ विस्तारित गर्ने, अवधारणाहरू पुनर्बल गर्ने, विद्यार्थीलाई जिम्मेवार रहन मद्दत गर्ने (काममा ट्युनिङ गर्ने), समय व्यवस्थापन अभ्यास गर्ने, र स्वतन्त्र समस्या समाधान सीपहरू सिक्ने छन्। सहकार्यमा, असाइनमेन्टहरू पूरा गर्ने तर्फ सहयोग गर्न आमाबाबु/अभिभावकहरूले सोध्नेछन् र अभिभावक पोर्टलमा अद्यावधिक रहनेछन् भन्ने आशा हामी गर्छौं।

आफ्नो गृहकार्य पूरा नगर्ने विद्यार्थीहरूले स्कूल समय वा स्कूल समयपछि कार्यपूर्ति सत्रहरूमा सहभागी हुनुपर्ने हुनसक्छ। सम्पूर्ण स्ट्राइभ प्रेप क्याम्पसहरूले स्कूल समयमा वा सोपछि व्यक्तिगत तथा समग्र शैक्षिक सहयोग हस्तक्षेपहरू प्रदान गर्छन्। स्वेच्छिक तथा अनिवार्य शैक्षिक सहयोग तथा हस्तक्षेपहरूका विषयमा बढी जानकारीका लागि कृपया आफ्नो बच्चाको प्रिन्सिपललाई भेट्नुहोस्।

**उन्नत स्थापन (एपि) तथा समवर्ती भर्ना (सिइ) कार्यक्रमहरू**
स्ट्राइभ प्रेप हाइ स्कूलहरूले विद्यार्थीहरूका लागि हाइ स्कूलमा हुँदा कलेज क्रेडिट पाउन बढ्दो रूपमा विस्तृत समवर्ती भर्ना (सिइ) अवसरहरू प्रदान गर्छन्। बढी सिइ कोर्सहरू थप गरिँदै गर्दा, केही उन्नत स्थापन (एपि) कोर्सहरू भने पुनर्स्थापित हुनसक्छन्। कलेज क्रेडिट प्राप्त गर्ने प्रयास स्वरूप वसन्तमा एपि परीक्षा लिन विद्यार्थीहरूका लागि एपि कार्यक्रमहरू पनि प्रदान गरिन्छन्। यी कोर्सहरू कडा छन् र तिनले कलेज-तहका कोर्सहरूको प्रतिबिम्ब देखाउँछन्।

**उन्नत स्थापन (एपि)**
विद्यार्थीहरूले एपि कक्षामा भर्ना हुन पूर्वापेक्षित कक्षा पास गर्नुपर्नेछ वा शिक्षकबाट लिखित अनुमति लिनुपर्नेछ। एपि परीक्षाको सफल पूर्णता र 3 भन्दा बढीको प्राप्ताङ्कले विद्यार्थीलाई विश्वविद्यालय वा कलेजमा कलेज कोर्स क्रेडिट दिलाउनसक्छ।

स्ट्राइभ प्रेपले कोर्समा 80% वा सोभन्दा माथि आर्जन गर्ने विद्यार्थीहरूका लागि एपि परीक्षाका शुल्कहरू भुक्तानी गर्नेछ। कोर्समा 80% भन्दा कम आर्जन गर्ने विद्यार्थीहरूका लागि उक्त परीक्षाको शुल्क सामान्यतया $89 हुन्छ; यदि विद्यार्थीहरू निःशुल्क वा न्यून शुल्क लन्चका लागि योग्य हुन्छन् भने उनीहरूले न्यून शुल्क प्राप्त गर्नसक्छन्। यदि परीक्षाको शुल्कले परिवारको खर्चमा कठिनाइ ल्याउँछ भने विद्यार्थीहरूले निर्दिष्ट प्रशासकबाट शुल्क छुटका लागि अनुरोध गर्न सक्नेछन्।

एपि कोर्स छोड्नका लागि विद्यार्थीहरूले आ-आफ्ना कलेज परामर्शदातासँग भेट गर्नुपर्नेछ तथा आमाबाबु/अभिभावक तथा निर्दिष्ट प्रशासकद्वारा प्रलेखमा हस्ताक्षर गराउनुपर्नेछ।

**समवर्ती भर्ना**

उच्च शिक्षातर्फको एउटा मार्गका रूपमा, स्ट्राइभ प्रेपमा समवर्ती भर्नाले विद्यार्थीहरूलाई हाइ स्कूलमा हुँदैखेरि निःशुल्क कलेज क्रेडिट आर्जन गर्ने अवसर दिन्छ, जसले उनीहरूको कलेज तथा करियर लक्ष्यहरूमा सुरुवाती वृद्धि प्रदान गर्छ। विद्यार्थीहरूले कलेज तथा हाइ स्कूल क्रेडिट सँगसँगै आर्जन गर्दागर्दै, आफूहरू सहयोगी हाइ स्कूल वातावरणमा वा कलेज क्याम्पसमा हुँदा कलेजका शैक्षिक चुनौतीहरूप्रति अनावृत्त हुन्छन्। समवर्ती भर्ना ती विद्यार्थीहरूका लागि खुला छ, जसले शैक्षिक योजना स्वीकृति प्राप्त गर्छन्, आवेदन समयसीमा पूरा गर्छन्, तथा कलेज कोर्स आवश्यकताहरू पूरा गर्छन्। त्यस्ता विद्यार्थीको शैक्षिक योजना विद्यार्थी तथा स्कूल परामर्शदाता वा स्कूल प्रशासकले सहकार्यात्मक रूपमा विकास गर्छन्। समवर्ती भर्नाका विषयमा बढी जानकारीका लागि, कृपया रजिस्ट्रार वा कलेज पहुँच स्टाफ सदस्यसँग कुरा गर्नुहोस्।

**ग्रेडहरू**

कलेज तयारी लक्ष्यसहितको स्कूलहरूको एक सञ्जालका रूपमा, हाम्रा ग्रेडिङ अभ्यासहरूले विद्यार्थीहरूलाई सर्वोत्तम शैक्षिक उपलब्धिहरू पाउन सहयोग गर्छन्। हाम्रा ग्रेडिङ अभ्यासहरू तथा नीतिहरूले विद्यार्थीहरूको स्तरको बोध र उनीहरूको बोध प्रदर्शित गर्ने गरी उपलब्धिहरू उत्पादन गर्ने क्षमता प्रतिबिम्बित गर्छन्। तिनले विद्यार्थीहरूलाई आफ्ना कामहरूका विषयमा पृष्ठपोषण प्राप्त गर्ने, ती पृष्ठपोषण कार्यान्वयन गर्ने र आफ्ना कार्यसम्पादनमा सुधार गर्ने धेरै अवसरहरू पनि दिन्छन्। त्यसको नतिजास्वरूप, हाम्रा विद्यार्थीहरूको ग्रेड अङ्क औसतले कलेज प्रवेश आवश्यकताहरू प्रतिबिम्बित गर्छन् तथा विद्यार्थीहरूलाई कलेजमा आफ्नो स्वीकृति तर्फको प्रगतिको यथार्थ बोध प्रदान गर्छन्, र विद्यार्थीहरूलाई समयमै ग्राजुएट हुन क्रेडिट आर्जन गर्ने अवसर प्रदान गर्छन्।

**यी लक्ष्यहरू प्राप्त गर्न, स्ट्राइभ प्रेप हाइ स्कूलहरूले यी ग्रेडिङ नीतिहरूको पालना गर्छन्।**

- सम्पूर्ण कोर्सहरू सेमेस्टरमा ग्रेड गरिन्छन्।
- ग्रेडहरूले स्तरहरूको अन्तिम बुझाइ प्रतिबिम्बित गराउन विद्यार्थीहरू पृष्ठपोषण प्राप्त गरेपछि पुनः मूल्याङ्कनहरू गर्न सक्नेछन् (सेमेस्टर मूल्याङ्कनहरूको अन्तिम अन्त्य अपवाद हुन्)।
- विद्यार्थीहरूलाई कार्यपूर्ति गर्न र पुःन मूल्याङ्कनहरू गर्न शिक्षकहरूले धेरै अवसरहरू दिनुपर्नेछ। सम्पूर्ण कार्यहरू निर्धारित गरिएको सेमेस्टरभित्रै पूरा गर्नुपर्नेछ।
- कुनै कोर्समा फेल हुने विद्यार्थीहरू (69.5% भन्दा तलको ग्रेड) उक्त कोर्सका लागि क्रेडिट पाउन क्रेडिट पुनर्प्राप्तिको कुनै विधिमा संलग्न हुनुपर्नेछ[2]।
- शैक्षिक आदतहरूले असमानतापूर्वक विद्यार्थीहरूका ग्रेडहरूमा प्रभाव नपारून् भन्न खातिर, एपि तथा समवर्ती भर्नाबाहेकका सम्पूर्ण कोर्सहरूमा कुनै पनि विद्यार्थीलाई उसले बुझाइएको कुनै पनि शैक्षिक आदत असाइनमेन्टमा प्रदान गरिने ग्रेड 50% हुनेछ। उक्त 50% कुनै पनि सिनियर-तह कोर्सहरूमा लागू हुनेछैन। असाइमेन्टहरू नबुझाउने सिनियरलाई ग्रेड-पुस्तकमा 0% भनी प्रतिबिम्बित गरिनेछ।

---

[2] स्ट्राइभ प्रेपले स्थानान्तरण विद्यार्थीहरूका लागि पूर्व स्कूलको ग्रेडिङ स्केलको सम्मान गर्नेछ, अर्थात् यदि कुनै विद्यार्थीले पूर्व स्कूलमा डि ग्रेड प्राप्त गरेको छ र त्यसलाई उक्त स्कूलमा पास मानिएको छ भने उक्त विद्यार्थीले स्ट्राइभ प्रेपमा उक्त कोर्स पुनः लिनुपर्ने छैन र उक्त विद्यार्थीले उक्त कक्षाको ग्राजुएसनतर्फ क्रेडिट प्राप्त गर्नेछ।

- व्यक्तिकृत शिक्षा योजनाहरू (आइइपिहरू) वा खण्ड 504 योजनाहरू भएका विद्यार्थीहरूलाई उनीहरूका कानुनी समायोजनहरू तथा परिमार्जनहरू प्रदान गरिनेछन्। अन्तिम मूल्याङ्कनहरूका लागि, आइइपि भएका, बहु-टियर्ड सहयोग प्रणाली (एमटिएसएस) योजनाहरू वा व्यक्तिगत साक्षरता योजना (आइएलपि) वा खण्ड 504 योजनाहरू भएका विद्यार्थीहरूले मात्र समायोजन गरिएको वा परिमार्जित गरिएको कार्य प्राप्त गर्नेछन्।

**विद्यार्थी शैक्षिक प्रगतिको अनुगमन**

अभिभावक पोर्टल तथा विद्यार्थी पोर्टल आमाबाबुहरू तथा विद्यार्थीहरूका लागि सुसूचित रहने र विद्यार्थी प्रगति अनुगमन गर्ने अनलाइन औजारहरू हुन्। आमाबाबु/अभिभावकहरूलाई एउटा अभिभावक पोर्टल एकाउन्ट बनाउन र आफ्नो बच्चाको प्रगतिबारे अद्यावधिक रहन प्रोत्साहित गरिन्छ। अभिभावक पोर्टल एकाउन्ट बनाउन myportal.dpsk12.org मा जानुहोस् र "एकाउन्ट बनाउनुहोस्" मा क्लिक गर्नुहोस्। तपाईँलाई एउटा इमेल ठेगाना र आफ्नो बच्चाको विद्यार्थी आइडि नम्बर आवश्यक हुनेछ। अभिभावकहरूले अद्यावधिक गरिएका ग्रेडहरू, छुटेका असाइनमेन्टहरू, र अन्य जानकारी 24 सै घण्टा पाउन सक्नेछन्। अभिभावक पोर्टलमा पहुँच राख्ने विषयमा बढी जानकारीका लागि कृपया आफ्नो स्कूलको कार्यालय व्यवस्थापकसँग कुरा गर्नुहोस्। हाइ स्कूलमा, विद्यार्थीहरूले पहिलो र तेस्रो त्रैमासिकको अन्त्यमा एउटा अतिरिक्त प्रगति विवरण तथा प्रत्येक सेमेस्टरको अन्त्यमा अन्तिम रिपोर्ट कार्ड प्राप्त गर्नेछन्।

| **९औं ग्रेड** | | | **10औं, 11औं, र 12औं ग्रेडहरू** | | |
|---|---|---|---|---|---|
| **40% मानक आधारित मूल्याङ्कनहरू** परीक्षणहरू, हाजिरी-जवाफहरू, निबन्धहरू, निर्माणात्मक मूल्याङ्कनहरू, चेकबिन्दुहरू, प्रयोगशाला रिपोर्टहरू, सोक्रेटिक गोष्ठीहरू, आइए/पिएहरूसहित, बहिर्गमन टिकटहरू | **10% सेमेस्टर अन्त्य मूल्याङ्कनहरू + अन्तिम परीक्षाहरू** | **40% छात्रवृत्ति अभ्यास** निपुणतातर्फ डोऱ्याउने असाइनमेन्टहरू।<br><br>गृहकार्य<br>कक्षाकार्य<br>बहिर्गमन टिकटहरू | **50% मानक आधारित मूल्याङ्कनहरू** परीक्षणहरू, हाजिरी-जवाफहरू, परियोजनाहरू, निबन्धहरू, निर्माणात्मक मूल्याङ्कनहरू, चेकबिन्दुहरू, प्रयोगशाला रिपोर्टहरू, सोक्रेटिक गोष्ठीहरू, र मौखिकहरू। | **10% सेमेस्टर अन्त्य मूल्याङ्कनहरू + अन्तिम परीक्षाहरू** | **30% छात्रवृत्ति अभ्यास** निपुणतातर्फ डोऱ्याउने असाइनमेन्टहरू।<br><br>गृहकार्य<br>कक्षाकार्य<br>बहिर्गमन टिकटहरू |
| **10% सीप रूब्रिक**<br>न्याय, दृढता, उपलब्धि, सङ्गठन | | | | | |

**मानक-आधारित मूल्याङ्कन:**

- मानक-आधारितमूल्याङ्कनहरू स्पष्टसँग साझा मूलभूत मानकहरूसँग जोडिएका हुन्छन् र तिनलाई ती स्तरहरूको विद्यार्थीहरूको बुझाइ मूल्याङ्कन गर्न निर्माण गरिएको हुन्छ।
- धेरैजसो मानक-आधारित मूल्याङ्कनहरू निर्माणात्मक हुन्छन्। त्रैमासिक अन्त्य मूल्याङ्कनहरू निर्णयात्मक हुन्छन्।
- मानक-आधारित मूल्याङ्कनहरूमा परीक्षणहरू, हाजिरी-जवाफहरू, परियोजनाहरू, निबन्धहरू, निर्माणात्मक मूल्याङ्कनहरू, चेकबिन्दुहरू, प्रयोगशाला रिपोर्टहरू, सोक्रेटिक गोष्ठीहरू, मौखिकहरू तथा त्रैमासिक अन्त्य मूल्याङ्कनहरू सामेल हुनसक्छन्।
- बहु-विकल्प प्रश्नहरूमा, प्रत्येक प्रश्नलाई उक्त प्रश्नले मूल्याङ्कन गर्ने मानकसँग पहिल्याइन्छ।
- खुला-जबाफ प्रश्नहरूमा, उक्त मूल्याङ्कनमा विद्यार्थीहरूसँग साझा गरिएको सिएफएस/रूब्रिक तथा निर्देशन चलाउन शिक्षकले प्रयोग गर्ने नमुना सामेल हुन्छ।
- शिक्षकहरूले प्रति सेमेस्टर 6-12 मानक-आधारित  मूल्याङ्कनहरू प्रदान गर्नुपर्नेछ। विद्यार्थीहरूले मानक-आधारित मूल्याङ्कन दोहोऱ्याउने कम्तीमा एउटा अवसर प्राप्त गर्नुपर्नेछ।
- त्रैमासिक-अन्त्य मूल्याङ्कनहरू तथा मौखिकहरू दोहोऱ्याउन पाइनेछैन।

| **असाइनमेन्टको प्रकार** | **आवृत्तिः (प्रस्तावित)** | **अङ्क मूल्य श्रेणी** |
|---|---|---|
| कक्षाकार्य/गृहकार्य | साप्ताहिक | 5-15 अङ्क/असाइनमेन्ट |
| प्रयोगशाला रिपोर्टहरू (विज्ञान) | मासिक | 10-30 अङ्क/असाइनमेन्ट |
| हाजिरी-जवाफ | मासिक | 10-40 अङ्क/असाइनमेन्ट |
| पर्याप्त (अर्थात्, बहु-दिवस) परियोजनाहरू | त्रैमासिक | 20-50 अङ्क/असाइनमेन्ट |
| एकाइ परीक्षणहरू/परीक्षणहरू | एकाइअनुसार | 35-50 अङ्क/असाइनमेन्ट |

| **एचएस परामर्श** | **आवृत्ति** | **अङ्क** |
|---|---|---|
| समुदाय | प्रति हप्ता 1-3 पटक | 10 |
| कलेज पहुँच | प्रति हप्ता 1-3 पटक | 10 |

**ग्रेड अङ्क स्केल**

स्ट्राइभ प्रेपको ग्रेडिङ स्केल डेनभर पब्लिक स्कूल्सको ग्रेडिङ स्केलमा आधारित छ र तल रेखाङ्कित गरिएको छ। यद्यपि डिपिएस विपरित, हामीले साभिप्राय डि लाई क्रेडिट आर्जन ग्रेडका रूपमा हटाएका छौँ। स्ट्राइभ प्रेपका विद्यार्थीहरूले कुनै कक्षा पास गर्न तथा क्रेडिट प्राप्त गर्न सि माइनस (C-) वा सोभन्दा माथि प्राप्त गर्नुपर्नेछ[3]।

| व्याख्या | 4-अङ्क स्केलमा मान | 5.2 अङ्क स्केलमा मान | % आधारित | अक्षर ग्रेड |
|---|---|---|---|---|
| विद्यार्थीले आद्योपान्त ज्ञान तथा सीपहरूको निपुणता प्रदर्शित गर्छ, जसले उसलाई/उनलाई उनीहरूको वर्तमान शैक्षिक तहभन्दा माथि स्वतन्त्र रूपमा प्रकार्य गर्ने अवसर दिन्छन्।<br>• विद्यार्थीले तहको शीर्षकसँग सान्दर्भिक हुने सम्पूर्ण सान्दर्भिक जानकारीको व्यापक बुझाइ प्रदर्शित गर्छन्।<br>• विद्यार्थीले उनीहरूको ग्रेड तहमाथि ज्ञान तथा सीपहरूको बोध र बुझाइ प्रदर्शित गर्छन्।<br>• विद्यार्थीले कुनै उल्लेख्य त्रुटि नगरीकन स्वतन्त्र रूपमा सीपहरू वा प्रक्रियाहरूको कार्यसम्पादन गर्नसक्छन्। | 4.0 | 5.2 | 93-100 | A |
| | 3.67 | 4.77 | 90-92 | A- |
| विद्यार्थीले ज्ञान तथा सीपहरूको निपुणता प्रदर्शित गर्छन्, जसले उनीहरूलाई आफ्नो शैक्षिक तहसम्बन्धी सम्पूर्ण प्रमुख अवधारणाहरू तथा सीपहरू माथि स्वतन्त्र रूपमा काम गर्ने अवसर दिन्छ।<br>• विद्यार्थीले आफ्नो तहमा शीर्षकसँग सान्दर्भिक सम्पूर्ण जानकारीको व्यापक बुझाइ प्रदर्शित गर्छन्।<br>• विद्यार्थीले कुनै उल्लेख्य त्रुटि नगरीकन स्वतन्त्र रूपमा सीपहरू वा प्रक्रियाहरूको कार्यसम्पादन गर्नसक्छन्। | 3.33 | 4.33 | 87-89 | B+ |
| | 3.0 | 3.9 | 83-86 | B |
| | 2.67 | 3.47 | 80-82 | B- |
| विद्यार्थीले आफ्नो शैक्षिक तहसम्बन्धी आधारभूत ज्ञान | 2.33 | 3.0 | 77-79 | C+ |

[3] स्ट्राइभ प्रेपले स्थानान्तरण विद्यार्थीहरूका लागि पूर्व स्कूलको ग्रेडिङ स्केलको सम्मान गर्नेछ, अर्थात् यदि कुनै विद्यार्थीले पूर्व स्कूलमा डि (D) ग्रेड प्राप्त गरेको छ र त्यसलाई उक्त स्कूलमा पास मानिएको छ भने उक्त विद्यार्थीले स्ट्राइभ प्रेपमा उक्त कोर्स पुनः लिनुपर्ने छैन र उक्त विद्यार्थीले उक्त कक्षाको ग्राजुएसनतर्फ क्रेडिट प्राप्त गर्नेछ।

| | | | | |
|---|---|---|---|---|
| तथा प्रयोग प्रदर्शित गर्छन् तर अवधारणाहरू र सीपहरूमा स्वतन्त्र रूपमा काम गर्न सक्दैनन्। उल्लेख्य त्रुटिहरूबिना कार्य सम्पन्न गर्न उपचार तथा सहयोग आवश्यक हुन्छ।<br>• विद्यार्थीसँग कुनै पाठको अपूर्ण ज्ञान छ र/वा केही जानकारीका विषयमा मिथ्या धारणाहरू छन्।<br>• त्रुटिबिना कार्यहरू सम्पन्न गर्न विद्यार्थीलाई सहयोग र प्रशिक्षण आवश्यक छ। | 2.0 | 2.6 | 73-76 | C |
| | 1.67 | 2.17 | 69.5-72 | C- |
| मूल्याङ्कन तथा विद्यार्थी कार्यका मूल्याङ्कनहरूमा प्रमाणको कमी र/वा असन्तोषजनक कार्यसम्पादन। | 0 | 0 | 0-69.4 | F |

**हाइ स्कूल एपि, अनर्स, तथा समवर्ती भर्नाका कोर्सहरूका लागि मात्र।*

**ट्रान्स्क्रिप्टहरूमा अपूर्ण ग्रेडहरूका लागि स्ट्राइभ प्रेप नीति**

सम्भव भएका ठाउँमा विद्यार्थीहरूले ग्रेड प्राप्त गर्नुपर्नेछ। विद्यार्थीहरूलाई आफ्ना कक्षाकार्यहरू पूरा गर्ने अवसर प्राप्त भएको सुनिश्चित गर्न हरसम्भव प्रयास गर्न स्ट्राइभ प्रेपले विद्यार्थीसँग सहकार्य गर्नेछ। यद्यपि, "अपूर्ण (I)" सङ्केत गर्ने आवश्यकता पर्ने समयहरू पनि हुनसक्छन्। स्ट्राइभ प्रेपले अपूर्ण सङ्केत गर्ने ती परिस्थितिहरूमा मात्र हो, जहाँ टार्न नसकिने आपत आइपर्छ वा विशेष समस्या वा यस्तो स्थिति आइपर्छ, जसले विद्यार्थीलाई ती असाइनमेन्टहरू पूरा गर्नबाट रोक्छ, जसलाई उक्त निर्दिष्ट कक्षा(हरू)को ग्रेडिङ अवधिका लागि प्रमुख घटक रहेको मानिएको हुन्छ। विद्यार्थीहरूले फेल हुने ग्रेड विपरीत अपूर्ण ग्रेड प्राप्त गर्न लिखित प्रलेख प्रदान गर्न आवश्यक हुनसक्छ।

अपूर्ण ग्रेड प्रदान गरिने परिस्थितिहरूका उदाहरणहरूमा, स्वीकृत अनुपस्थिति भएका विद्यार्थीहरू, स्वास्थ्य वा मेडिकल समस्या भएका विद्यार्थीहरू, बन्दी बनाइएका विद्यार्थीहरू, आकस्मिक बसाइँ सराई, गृहविहीन विद्यार्थीहरू वा आपतकालीन आश्रय आवश्यक हुने वा सामूहिक घरमा वा अन्य अस्थायी आवासमा पुनर्वास गरिएका विद्यार्थीहरू, वा अन्य आपत, वा टार्न नसकिने परिस्थिति उब्जिनु (विद्यार्थीलाई परिस्थितिको व्याख्या गर्न र परिस्थितिले दिएसम्म प्रलेखीकरण प्रदान गर्न भनिनेछ) सामेल छन्। सम्पूर्ण परिस्थितिहरूले विद्यार्थीलाई असाइनमेन्टहरू पूरा गर्नबाट रोक्नुपर्नेछ, जसलाई उक्त निर्दिष्ट कक्षा(हरू)को ग्रेडिङ अवधिका लागि प्रमुख घटक रहेको मानिएको हुन्छ।

अपूर्ण ग्रेडको आवश्यकताबारे शिक्षक वा स्कूल प्रिन्सिपललाई सूचित गर्ने जिम्मेवारी विद्यार्थीको हो, त्यस्तो सूचना उक्त कक्षाका लागि अन्तिम ग्रेडहरू बुझाउनु अगावै गर्नुपर्नेछ। अपूर्ण ग्रेडका लागि विद्यार्थीहरूले क्रेडिट प्राप्त गर्दैनन्। विद्यार्थीहरूले आफूहरूलाई कोर्सकार्य पूरा गर्नबाट रोक्ने परिस्थितिहरूको समाधान भएपछि वा अन्यथा अब कार्यपूर्ति पूरा गर्न उक्त परिस्थितिले नरोक्ने हुँदाको युक्तिसङ्गत समयसीमामा उक्त क्रेडिट प्राप्त गर्न आफ्नो कोर्सकार्य (परिस्थितिहरूमा आधारित रहेर विद्यार्थीलाई वैकल्पिक असाइनमेन्टहरू प्रदान गर्न सकिनेछ) पूरा गर्न विद्यार्थीले आफ्ना शिक्षक वा स्कूल प्रिन्सिपलसँग काम गर्नुपर्नेछ।

समर स्कूलका लागि साइन अप भएका विद्यार्थीहरूले समर स्कूलको पूर्णता बाँकी हुँदा अपूर्ण ग्रेड प्राप्त गर्नेछन्।

**ग्राजुएसनका आवश्यकताहरू**

स्ट्राइभ प्रेप हाइ स्कूलबाट ग्राजुएट हुन विद्यार्थीहरूले न्यूनतम 240 क्रेडिट प्राप्त गर्नुपर्नेछ। स्ट्राइभ प्रेप हाइ स्कूल ग्राजुएसन आवश्यकताहरूले राज्यका लागि डिपिएस तथा सिसिएचइ कलेज-तयार आवश्यकताहरू पूरा गर्छन् वा नाघ्छन्। ग्राजुएसन छुट तथा योग्यता आवश्यकताहरूका विषयमा जानकारीका लागि, आफू योग्य छु भन्ने लागेपछि छिटोभन्दा छिटो, कृपया आफ्नो स्कूलको प्रिन्सिपलसँग भेट गर्नुहोस्।

**आवश्यक क्रेडिटहरूमा निम्न सामेल छन्:**

| | |
|---|---|
| **240 क्रेडिट घण्टाको कोर्सकार्य पूरा गर्ने** | अङ्ग्रेजी भाषा कला 40 क्रेडिट/ 4 वर्ष<br>गणित 40 क्रेडिट/ 4 वर्ष<br>विज्ञान 30 क्रेडिट/3 वर्ष<br>(2 वर्षको विज्ञान प्रयोगशाला आधारित)<br>विश्व अध्ययन/इतिहास 40 क्रेडिट/4 वर्ष<br>(जीवन 101/नागरिक शास्त्रको 5 क्रेडिट हुनुपर्ने)<br>विश्व भाषा 20 क्रेडिट/ 2 वर्ष<br>ललितकला 10 क्रेडिट/ 1 वर्ष<br>वैकल्पिकहरू 35 क्रेडिट<br>पिइ/स्वास्थ्य 10 क्रेडिट/ 1 वर्ष<br>कलेज पहुँच 15क्रेडिट/ 1.5 वर्ष |

| | |
|---|---|
| **व्यक्तिगत करियर तथा शैक्षिक योजना** (आइसिएपि) **पूरा गर्नुहोस्।** | आइकेएफ र आइकेएफ-आरको यस खण्डका लागि स्कूलहरूले डिस्ट्रिक्ट आइसिएपि नीति (आइएचबिके) यसको सम्पूर्णतामा पालना गर्नेछन् |

**छुटहरू**

डेनभर पब्लिक स्कूल्स शिक्षा बोर्डले स्वीकृत गरेको खेलकुद तथा तल उल्लिखित मापदण्ड पूरा गर्नाले विद्यार्थीलाई शारीरिक शिक्षा ग्राजुएसन आवश्यकताबाट छुट दिनसक्छ। खेलकुदमा सहभागिताका लागि ग्रेड वा क्रेडिट प्रदान गरिनेछैन र त्यस्ता छुटहरूले डिप्लोमा आर्जित गर्न आवश्यक कुल समयलाई घटाउने छैनन्। खेलकुदमा भाग लिनाले शारीरिक शिक्षा आवश्यकताका दुवै सेमेस्टरहरूमा छुट हुन सक्नेछ।

**शारीरिक शिक्षा छुट नियमन गर्ने मापदण्डः**

क. विद्यार्थीले सम्पूर्ण ऋतुभरिका लागि शैक्षिक योग्यता कायम राख्नुपर्नेछ।

ख. कुनै पनि विद्यार्थीलाई पिइ आवश्यकताको पाँच सेमेस्टर घण्टा (5 एकाइ) बाट छुट दिन एउटा पूर्ण खेलकुद ऋतु आवश्यक पर्नेछ।
ग. यस छुटका लागि योग्य हुन विद्यार्थी हाइ स्कूल नवप्रवेशी, द्वितीय वर्षको, वा जुनियर हुनुपर्नेछ। शारीरिक शिक्षा आवश्यकताहरू अझसम्म पनि पूरा नगरेका सिनियरहरूलाई यो छुट लिन दिइने छैन र उनीहरूले शारीरिक शिक्षा कोर्समा भर्ना हुनुपर्नेछ।

**ग्रेड तहमा उभिन आवश्यक क्रेडिटहरू निम्न छन्:**

| | |
|---|---|
| 9औँ ग्रेड (फ्रेसम्यान) | 0-59 |
| 10औँ ग्रेड (सोफमोर) | 60-119 |
| 11औँ ग्रेड (जुनियर) | 120-179 |
| 12औँ ग्रेड (सिनियर) | 180+ |

**डिप्लोमा आवश्यकताहरू**

स्ट्राइभ प्रेप हाइ स्कूलहरूबाट डिप्लोमा आर्जन गर्न कुनै पनि विद्यार्थीले तल रेखाङ्कित सम्पूर्ण आवश्यकताहरू पूरा गर्नुपर्नेछ। डिप्लोमा आर्जन गर्ने विद्यार्थीहरूलाई मात्र ग्राजुएसन गतिविधिहरूमा सहभागी हुन दिइनेछ।

| | **कुनै पनि विद्यार्थीले तल दिइएकामध्ये एक विधिमा दक्षता प्रदर्शित गर्न सक्नेछन्:** | |
|---|---|---|
| | **सूचक** | **न्यूनतम प्राप्ताङ्क** |
| **करियर/कलेज तयारी प्रदर्शित गर्ने** | SAT* | 470 (अङ्ग्रेजी) र 500 (गणित) |
| | एक्युप्लेसर क्लासिक | 95 (वाक्य सीपहरू);<br>61 (एलिमेन्टरी बीजगणित) |
| | एक्युप्लेसर आगामी पुस्ता | 241 (पढाइ) वा 236 (लेखाइ);<br>255 (अङ्कगणित/एआर) वा 230 (परिमाणात्मक तर्कशक्ति, बीजगणित र तथ्याङ्कशास्त्र/क्युएएस) वा 245 (उन्नत बीजगणित तथा प्रकार्यहरू/एएएफ) |

| | | |
|---|---|---|
| | एसिटि | 18 (अङ्ग्रेजी); 19 (गणित) |
| | उन्नत स्थापन | 2 वा माथि (अङ्ग्रेजी र गणित) |
| | क्यापस्टोन पोर्टफोलियो | अङ्ग्रेजी र गणित रूब्रिक्समा आवश्यकताहरू पूरा गर्छ |
| | समवर्ती भर्ना | कुनै योग्य सिइ कोर्समा CE वा माथि |
| | अन्तर्राष्ट्रिय बक्कालुरियट (आइबि) क्रेडिट तथा उपाधि | स्ट्राइभ प्रेपले अन्तर्राष्ट्रिय बक्कालुरियट (आइबि) कार्यक्रम प्रदान गर्दैन। स्ट्राइभ प्रेपमा स्थानान्तरण हुनुअघि योग्य [4]आइबि कोर्स(हरू) र/वा परीक्षा(हरू) सफलतापूर्वक पूरा गरेका विद्यार्थीहरूले, सफलतापूर्वक पूरा गरेको आइबि कोर्स/परीक्षाका लागि क्रेडिट पाउन ग्राजुएसन छुट बुझाउन सक्नेछन्। विद्यार्थीहरूले आफूले कोर्स/परीक्षा आर्जित गरेको स्कूलकै विद्यार्थीका लागि उपलबध भएजस्तो उपाधि प्रतिबिम्बित हुने गरी आफ्नो अन्तिम ट्रान्स्क्रिप्ट/डिप्लोमामा आइबि उपाधि पनि अनुरोध गर्न सक्नेछन्। ग्राजुएसन छुट र/वा आइबि उपाधी अनुरोध गर्ने तथा पहिलेको स्कूलबाट सम्पूर्ण रेकर्डहरूका साथसाथै लागूयोग्य उपाधि योग्यता आवश्यकताहरू प्रदान गर्ने जिम्मेवारी विद्यार्थीको हो। |

स्ट्राइभ प्रेपको हाइ स्कूल ग्रेडिङ नीतिहरू, क्रेडिटहरू, प्रदान गरिने कोर्सहरू, प्रशासकीय अभ्यासहरू तथा शैक्षिक कार्यक्रमहरूमा अतिरिक्त जानकारी हाइ स्कूल विद्यार्थी पुस्तिकाका साथसाथै क्याम्पस प्रिन्सिपलबाट पाउन सकिनेछ।

*वैकल्पिक मूल्याङ्कनका लागि मापदण्ड पूरा गर्ने असक्तता भएका विद्यार्थीहरूबाहेक सम्पूर्ण विद्यार्थीहरूले स्याट लिन आवश्यक छ। *स्ट्राइभ प्रेपले असक्तता भएका विद्यार्थीहरूका लागि सम्पूर्ण ग्राजुएसन मार्गहरूमा पहुँच तथा डिप्लोमा आर्जन गर्ने अवसर प्रदान गर्नेछ। व्यक्तिकृत शिक्षा योजना (आइइपि) ले विद्यार्थीको योजना गरिएको अध्ययनको कोर्स, विशेष रूपमा निर्मित शिक्षण, समायोजनहरू तथा परिमार्जनहरू, र परिपूरकीय सेवाहरूका साथसाथै विद्यार्थीलाई मानकहरूको दक्षता प्रदर्शित गर्न र उत्तर-माध्यमिक लक्ष्यहरू हासिल गर्न सक्षम बनाउन आवश्यक सहयोगहरूको व्याख्या गर्छ। आइइपि र/वा खण्ड ५०४ योजना कुनै पनि विद्यार्थीको हाइ स्कूल मार्ग तथा कुनै आवश्यक समायोजनहरूका लागि मार्गदर्शक प्रलेखहरू हुन्। पर्याप्त रूपमा शैक्षिक रूपमा प्रभावितको मापदण्ड पूरा गर्ने आइइपि भएका विद्यार्थीहरूले स्थानान्तरण तयारी क्यापस्टोन पोर्टफोलियो*

[4] यस आवश्यकता पूरा गर्न योग्य IB कोर्सहरूका लागि कृपया डिपिएस कोर्स मास्टर सूची हेर्नुहोस्।

*मार्फत क्यापस्टोन पूरा गर्न सक्नेछन्। यसको निर्धारण आइइपि टोलीले गर्नेछ, जसमा विद्यार्थी सामेल हुन्छ, र 9औं ग्रेडका सम्भावित रूपमा योग्य विद्यार्थीहरूका लागि छलफल गरिन सुरु हुनेछ। मूल्याङ्कन प्रदानकर्ता वा प्रदायक मार्गदर्शनहरूअनुसार, 504 योजनाहरू र/वा आइइपि भएका विद्यार्थीहरूले सम्पूर्ण विभिन्न दक्षता मार्ग प्रदर्शनहरूमा स्वीकारयोग्य समायोजनहरूमा पहुँच राख्न सक्नेछन्। विद्यार्थीको आइइपि व्यवस्थापक र/वा आइइपि/खण्ड 504 टोलीले, कानुनी आवश्यकता भएअनुरूप, ग्राजुएसन मार्गहरू तथा ग्राजुएसन आवश्यकताहरूबारे, तथा त्यस्ता आवश्यकताहरू (विद्यार्थीको आइइपि/खण्ड 504 अनुसार एकोमोडेट गरिएका आववश्यकताहरू) पूर्ति गर्ने सम्बन्धमा विद्यार्थी कहाँ उभिएको छ, भन्नेबारे विद्यार्थी र परिवारसँग उक्त विद्यार्थीको स्ट्राइभ प्रेपमा हाइ स्कूल अनुभवको समयभरि छलफल गर्नेछ। विद्यार्थीको आइइपि र/वा खण्ड 504 अनुसार उपयुक्त समायोजनहरू विद्यार्थीलाई प्रदान गरिन्छ। विद्यार्थीहरू र आमाबाबु/अभिभावकहरूलाई कानुनी आवश्यकता भएअनुसार, उनीहरूसँग हुन सक्ने ग्राजुएसन आवश्यकतासम्बन्धी कुनै पनि प्रश्नहरू आइइपि/खण्ड 504 केस व्यवस्थापक, स्कूल प्रिन्सिपल, वा आइइपि / खण्ड 504 टोलीसँग छलफल गर्न प्रोत्साहित गरिन्छ।*

ग्राजुएसन आवश्यकताका छुटहरूः सम्पूर्ण विद्यार्थीहरूले स्ट्राइभ प्रेपका ग्राजुएसन आवश्यकताहरू पूरा गर्न आवश्यक भए तापनि, हाइ स्कूल स्टाफ, आमाबाबु/अभिभावकहरू र विद्यार्थीहरूले ग्राजुएसन छुट खोज्ने विषयतर्फ बढी निर्दिष्ट मार्गदर्शनका लागि आफ्ना प्रिन्सिपलसँग परामर्श गर्नुपर्नेछ। कुनै पनि हाइ स्कूल प्रिन्सिपलले कुनै निर्दिष्ट विद्यार्थीका लागि ग्राजुएसन आवश्यकता छुटका लागि आवेदन गर्न सक्नेछन्, यदि प्रिन्सिपलको निर्णयमा उक्त कार्य उक्त विद्यार्थीको सर्वोत्तम शैक्षिक हितमा हुन्छ भन्ने निर्धारण गरियो भने वा असक्तता भएका प्रत्येक विद्यार्थीलाई निःशुल्क उपयुक्त सामुदायिक शिक्षा (एफएपिइ) प्रदान गर्न आवश्यक भयो भने। असक्तता भएका विद्यार्थीहरूका लागि, छुट निर्धारित स्कूल अधिकारीद्वारा तथा स्कूलका विशेष शिक्षा नेतृत्वकर्ता प्रतिनिधिद्वारा स्वीकृत गरिएको हुनुपर्नेछ। अन्य सम्पूर्ण विद्यार्थी ग्राजुएसन छुट आवश्यकता छुटहरूलाई स्ट्राइभ प्रेपको प्रमुख शैक्षिक अधिकारीसमक्ष अन्तिम स्वीकृतिका लागि बुझाउनुअघि स्कूल प्रिन्सिपलद्वारा स्वीकृत गरिएको हुनुपर्नेछ। सम्पूर्ण ग्राजुएसन आवश्यकता छुट अनुरोधहरू तथा त्यस्ता छुट माथिको अन्तिम निर्णय विद्यार्थीको सञ्चित फाइलमा रेकर्ड गरिनेछ।

**स्वतन्त्र अध्ययन**

डिपिएस नीति तथा कार्यविधिअनुसार, एक स्वतन्त्र व्यक्ति, व्यक्तिगत संरचित कक्षाका रूपमा पाठ्यक्रमअघि बढाउन चाहने विद्यार्थीहरूले प्रिन्सिपलसँग भेट गर्नुपर्नेछ, डिपिएसको 'स्वतन्त्र अध्ययन फाराम' पूरा गर्नुपर्नेछ, र सल्लाहकारका रूपमा काम गर्ने योग्य शिक्षक पहिचान गर्नुपर्नेछ। यदि तपाईं स्वतन्त्र अध्ययन पूरा गर्नमा रुचि राख्नुहुन्छ भने कृपया आफ्नो स्कूल प्रिन्सिपलसँग भेट गर्नुहोस्।

**क्रेडिटहरू**

यदि कुनै विद्यार्थीले यी कक्षोन्नति मानकहरू पूरा नगरेमा वा कुनै कोर्समा फेल भएमा, स्ट्राइभ प्रेप हाइ स्कूलले कक्षोन्नति मानकहरूका लागि आवश्यक क्रेडिटहरू आर्जन गर्न उक्त विद्यार्थीलाई पुनः कोर्स लिन आवश्यक गराउने एक मात्र अधिकार सुरक्षित राखेको छ।

यदि विद्यार्थीको शैक्षिक कार्यसम्पादनले कोर्स(हरू) पुनः लिनपर्नेतर्फ सङ्केत गरे, स्ट्राइभ प्रेप हाइ स्कूलले आमाबाबु(हरू)/अभिभावक(हरू)लाई लिखित सूचनामार्फत मध्य सेमेस्टरअघि नै सूचित गर्नेछ। तदनुरूप, कक्षा दोहोऱ्याउनबाट बच्नका लागि हस्तक्षेप योजनाबारे स्ट्राइभ प्रेप हाइ स्कूलहरूले अपेक्षाहरू विद्यार्थीहरू तथा आमाबाबु(हरू)/अभिभावक(हरू)लाई सञ्चार गर्नेछन्।

**स्थानान्तरण ट्रान्स्क्रिप्टहरू तथा बाहय क्रेडिटहरू**

(डेनभर पब्लिक स्कूल्स पाठ्यक्रम अफरिङभन्दा बाहिर आर्जन गरिएका क्रेडिटहरू भनी परिभाषित गरिएको)। आठ सेमेस्टरको अवधिभन्दा अगावै आवश्यक क्रेडिटहरू आर्जन गरेका विद्यार्थीहरू तथा छिटै ग्राजुएट हुन चाहने विद्यार्थीहरूले आफ्ना प्रिन्सिपलसँग कुरा गर्नुपर्नेछ।

**स्थानान्तर क्रेडिटहरू**

डिस्ट्रिक्ट बाहिरबाट स्ट्राइभ प्रेप हाइ स्कूलमा स्थानान्तरण भएर आउने विद्यार्थीहरूले आफ्नो ट्रान्स्क्रिप्ट रजिस्ट्रारको कार्यालयद्वारा मूल्याङ्कन गराउनुपर्नेछ। स्ट्राइभ प्रेपले अन्य डिस्ट्रिक्टबाट आउने सम्पूर्ण क्रेडिटहरू स्वीकार गर्ने भएता पनि, यी क्रेडिटहरू लागू हुने निर्दिष्ट वर्ग रजिस्ट्रारको कार्य-स्वतन्त्रताअनुसार हुनेछ। अनर्स क्रेडिट (भारित ग्रेडहरू) त्यसबेला मात्र दिइन्छ, जब डिपिएसले स्नातकोत्तर कोर्स सूचीअन्तर्गत  सोही अनर्स कक्षा प्रदान गर्छ।

विदेशी स्कूलहरूबाट आएका स्थानान्तरण क्रेडिटहरू स्ट्राइभ प्रेपको रजिस्ट्रारको  कार्यालयले मूल्याङ्कन गर्नेछ र डिपिएसको ट्रान्स्क्रिप्ट विभागद्वारा उनीहरूका नीतिहरू तथा कार्यविधिहरूअनुसार प्रक्रियामा लगिनेछ।

**ट्रान्स्क्रिप्ट अनुरोध गर्ने**

कलेज वा छात्रवृत्तिहरूका लागि गरिने सम्पूर्ण विद्यार्थी ट्रान्स्क्रिप्ट अनुरोधहरू नेभियन्समार्फत गरिनेछन्, जुन कलेज तथा करियरतर्फ प्रगति अनुगमन गर्ने प्रयोग गरिने सफ्टवेयर हो। ग्रीष्मकालीन कार्यक्रमहरू, बाहिरी एजेन्सीहरू वा नोकरीका लागि कागजी ट्रान्स्क्रिप्ट आवश्यक भएको खण्डमा, विद्यार्थीहरूले आफ्नो कलेज तयारी परामर्शदाताबाट 'आधिकारिक ट्रान्स्क्रिप्ट फाराम' अनुरोध गर्नुपर्नेछ।

**भ्यालेडिक्टोरियन, स्यालुटोरियन तथा सम्मानहरू**

उच्च 10 भारित जिपिएहरू भएका विद्यार्थीहरूले शैक्षिक सम्मान प्राप्त गर्नेछन् र उनीहरूलाई ग्राजुएसनमा सम्मानित गरिनेछ। उच्च दुई भारित जिपिएहरू भएका विद्यार्थीहरूलाई भ्यालेडिक्टोरियन र स्यालुटोरियन निर्धारित गरिनेछ। डिपिएस नीतिहरू तथा नियमनहरूअनुसार योग्य भएर कक्षा भ्यालेडिक्टोरियन बन्नका लागि विद्यार्थीहरू आफू पढ्ने स्कूलमा न्यूनतम तीन वर्षका लागि भर्ना भएको र आफ्नो ग्राजुएसन कक्षामा उच्चतम

ग्रेड अङ्क औसत आर्जन गरेको हुनुपर्नेछ। ग्रेड अङ्क औसतहरू डिपिएस गणना अभ्यासहरू पालन गरेर निर्धारण गरिन्छन्।

**खेलकुद योग्यता**

स्ट्राइभ प्रेप हाइ स्कूलहरू हाम्रा विद्यार्थीहरूलाई आफ्नो अध्ययनमार्फत सफलता पाउन तयार गर्न प्रतिबद्ध छन्; र यो प्रतिबद्धताको सम्मान गर्न, हामीले खेलकुद योग्यता अपेक्षा स्थापित गरेका छौँ, जुन शैक्षिक तथा व्यावहारिक कार्यसम्पादन दुवैमा आधारित छ। हामीले कोलोराडो हाइ स्कूल्स क्रियाकलाप सङ्गठनका नियमहरू समायोजन गरेर निम्नलिखित खेलकुद आवश्यकताहरू विकसित गरेका छौंः

- यदि विद्यार्थीहरू कुनै एक कक्षामा फेल भए भने उनीहरूले खेल्न पाउँदैनन् तर अभ्यास गर्न पाउँछन्।
- यदि विद्यार्थीहरू एकभन्दा बढी कक्षामा फेल भए, उनीहरूले आफ्ना ग्रेडहरू नसुधारेसम्म खेल्न वा अभ्यास गर्न पाउनेछैनन्।
- यदि विद्यार्थीहरूसँग अनिवार्य ट्युटरिङ छ भने उनीहरूले अभ्यासमा सहभागी हुनुअघि उक्त हस्तक्षेपको सम्मान पहिले गर्नुपर्नेछ।
- यस अतिरिक्त, आचार-संहिता निलम्बनजस्ता बढी गम्भीर अनुशासनात्मक परिणाम आर्जन गरेका विद्यार्थीहरूले उक्त कारणका लागि प्रशासकीय टोलीको कार्य-स्वतन्त्रताअन्तर्गत आफ्नो खेल्ने योग्यता गुमाउनेछन्।
- प्रशासकीय टोलीद्वारा हरेक हप्ता योग्यता नामावली सङ्कलन गरिन्छ।

स्ट्राइभ प्रेप हाइ स्कूलहरूले ऋतु र क्याम्पसमा आधारित रहेर विभिन्न किसिमका खेलकुद कार्यक्रमहरू प्रदान गर्छन्। खेलकुद टोलीहरू तथा योग्यता जानकारीका लागि कृपया खेलकुद निर्देशकलाई भेट्नुहोस्।

# स्कूल-परिवार साझेदारी

स्कूलहरू तथा परिवारहरू नियमित सञ्चारमा हुँदा र समन्वित तरिकाले सँगै काम गर्दा विद्यार्थीको स्कूल अनुभव तथा शैक्षिक कार्यसम्पादनलाई ठूलो लाभ हुन्छ भन्ने कुरा स्ट्राइभ प्रेप विश्वास गर्छ। यी साझेदारीहरूले हाम्रा विद्यार्थीहरू र स्कूल समुदायलाई सर्वाङ्गीण सहयोग गर्छन् - विशेषगरि शिक्षा, पक्षपोषण, सेवा तथा सञ्चारका क्षेत्रहरूमा। परिवारहरू तथा स्कूल स्टाफ, विशेष गरि शिक्षकहरूबीचको सशक्त साझेदारी स्ट्राइभ प्रेपमा हाम्रो कामको प्रमुख तत्त्व हो।

**सल्लाहकारहरू तथा आमाबाबु/अभिभावक सम्पर्क**

स्ट्राइभ प्रेप हाइ स्कूलहरूले स्ट्राइभ प्रेपका मूलभूत मान्यताहरूमा केन्द्रित एउटा सशक्त सिकाइ समुदाय निर्माण गर्न सल्लाहकारी कार्यक्रम प्रयोग गर्छन्। विद्यार्थीहरूलाई एक जना सल्लाहकार र एउटा सल्लाहकारी विद्यार्थी समूह निर्धारण गरिन्छ। उक्त सल्लाहकारले आफ्ना सम्पूर्ण सल्लाहग्राहीहरूसँग एउटा सम्बन्ध निर्माण गर्छन् तथा शैक्षिक सत्रको समयावधिमा परामर्श, निर्देशन, तथा सहयोग प्रदान गर्छन्। सल्लाहकारी सत्रहरू, समूह छलफलहरू, तथा व्यक्तिगत सम्मेलनहरूमार्फत सल्लाहकारी कार्यक्रमले शैक्षिक योजना निर्माण, लक्ष्य-निर्धारण,

घर/स्कूल सञ्चार, टोली तथा सामुदायिक भवन, र व्यक्तिगत प्रतिबिम्बनका लागि महत्त्वपूर्ण सन्दर्भहरू प्रदान गर्छ।

उक्त सल्लाहकारले परिवारहरूसँग प्राथमिक सम्पर्कको रूपमा काम गर्छन् र आमाबाबु/अभिभावकहरू, शिक्षकहरू तथा अन्य संसाधन पर्सोनेलहरूबीचको सञ्चार सहजीकरण गर्छन्। आमाबाबु/अभिभावकहरूलाई कुनै पनि कारणका लागि सल्लाहकारहरूसँग सम्पर्क गर्न स्वागत गरिन्छ, जसमा स्कूलमा भए घटेका कार्यक्रमहरूबारे प्रश्नहरू वा आफ्नो बच्चाका सम्बन्धमा उठेका सरोकारहरू वा समग्रमा स्कूलका विषय सामेल छन्।

**परिवार परिषद्**

प्रत्येक स्ट्राइभ प्रेप क्याम्पसमा एउटा परिवार परिषद् हुन्छ, जसले मासिक बैठक गर्छ। प्रिन्सिपल तथा स्कूल स्टाफका सदस्यहरूसँगको साझेदारीमा, परिवार परिषद्ले स्कूल कार्यसम्पादन तथ्याङ्क तथा शैक्षिक कार्यक्रमका विषयमा जानकारीको पुनरावलोकन गर्छ र आवश्यक हुँदा, पृष्ठपोषण तथा सिफारिसहरू प्रदान गर्छ। परिवार काउन्सिलले स्कूल स्टाफ तथा अन्य परिवारहरूसँग साझा गर्न आफ्नो क्याम्पसमा रहेका विद्यार्थीहरू एवम् व्यापक स्कूल समुदायका शैक्षिक तथा सामाजिक-भावनात्मक आवश्यकताहरूमा आधारित महत्त्वपूर्ण विषयहरू पनि पहिचान गर्छ। परिवार परिषद् सदस्यहरूले क्रियाकलापहरूको योजनामा मद्दत गर्दा, स्कूल प्रतिष्ठा निर्माण गर्दा तथा स्कूलभरि अन्य परिवारहरूसँग प्रमुख जानकारी साझा गर्दा प्रमुख भूमिका निर्वाह गर्छन्।

प्रत्येक परिवार परिषद्मा पाँच जना प्रतिनिधिहरू छन्। परिवार परिषद्का तीन जना सदस्यहरूको चयन आमाबाबु/अभिभावकको टोलीले गर्छ, एक शिक्षकको चयन संकायले गर्छ, र एक जना समुदायको सदस्य प्रिन्सिपलले नियुक्त गर्छन्। स्ट्राइभ प्रेप ट्रस्टी बोर्डमा हरेक क्षेत्रको प्रतिनिधित्व अभिभावक प्रतिनिधिले गर्छन्। सबै बोर्ड सदस्यहरू स्ट्राइभ प्रेपको वेबसाइटमा सूचीकृत गरिएका हुन्छन्। यदि तपाईँ आफू कसरी संलग्न हुनेसहित परिवार परिषद्काबारे बढी जानकारी चाहनुहुन्छ भने कृपया आफ्नो प्रिन्सिपलसँग सम्पर्क गर्नुहोस्।

**स्कूल-परिवार प्रतिबद्धता**

यस पुस्तिकाको पृष्ठ 36 मा सामेल गरिएको स्कूल-परिवार प्रतिबद्धताले विद्यार्थीहरू, शिक्षकहरू, तथा आमाबाबु/अभिभावकहरूका लागि समग्र तथा निर्दिष्ट अपेक्षाहरू रेखाङ्कित गर्छ। हामीले मिलेर गर्ने काम एउटा तीन-तर्फको साझेदारी हो, तथा उच्चतम अपेक्षाहरूले हरेक बच्चाका लागि उच्चतम-गुणस्तरीय शिक्षा सुनिश्चित गर्न हाम्रा सम्पूर्ण कामहरूलाई निर्देशित गर्नुपर्नेछ।

**बच्चाहरूलाई सुरक्षा दिने र दुर्व्यवहार रिपोर्ट गर्ने**

सम्पूर्ण स्ट्राइभ प्रेप पर्सोनेलहरू अनिवार्य रिपोर्टरहरू हुन र यदि उनीहरूले युक्तिसङ्गत रूपमा दुर्व्यवहार वा तिरस्कार भइरहेको आशङ्का गरे उनीहरूले दुर्व्यवहार वा तिरस्कार रिपोर्ट गर्नुपर्नेछ। कुनै पनि व्यक्तिले संदिग्ध बच्चा दुर्व्यवहार वा तिरस्कारको रिपोर्ट 844-264-5437 मा कोलोराडो बच्चा दुर्व्यवहार तथा तिरस्कार हटलाइनमा सम्पर्क गरेर गर्न सक्नेछन्।

**शैक्षिक इमानदारिता**
स्ट्राइभ प्रेप स्कूलले सम्पूर्ण विद्यार्थीहरूले आफ्नो कार्य गर्न पूर्ण प्रयास गर्ने, प्रयोग गरिएका खण्डमा सन्दर्भहरू उल्लेख गर्ने, र प्रत्येक कोर्सका शैक्षिक मागहरूप्रति इमानदार प्रतिक्रिया दिने अपेक्षा गर्छ। जब कुनै विद्यार्थी यी मानकहरूलाई कायम राख्न असफल हुन्छ, शैक्षिक इमानदारिता जोखिममा पर्छ।

शैक्षिक बेइमानीका दुई प्रमुख वर्गहरू चोरी र प्लेजरिज्म हुन्। चोरी आफ्नो शैक्षिक कार्यको गुणस्तर वृद्धि गर्न निषेधित स्रोतहरूको प्रयोग गर्नु हो। प्लेजरिज्म अरू कसैले गरेको कामलाई आफैँले गरेको काम भनेर बुझाउनु हो, जसमा अर्काको काम वा कामको अंशलाई आफ्नै भनेर बुझाउनु, उपयुक्त स्रोतको सन्दर्भ दिन असफल हुनु, र असाइनमेन्टहरू, परीक्षणहरू, वा अन्य कार्यमा अनधिकृत मद्दत प्राप्त गर्नु सामेल छन्।

यसका परिणामहरूमा कुनै असाइनमेन्टमा क्रेडिट गुमाउनुदेखि लिएर सेमेस्टरका लागि ग्रेड छोड्नेसम्म छन्। शैक्षिक बेइमानीले हामीले एक व्यावसायिक सिकाइ समुदायका रूपमा साझा गर्ने मूलभूत मान्यताहरूलाई जोखिममा पार्छ, जसको नतिजा आफू र अन्यहरूमा विश्वास तथा आत्मविश्वासमा क्षरण हुन्छ।

**लकरहरू**
लकरहरू स्ट्राइभ प्रेपका सम्पत्ति हुन् र शैक्षिक सत्रभरि विद्यार्थीहरूलाई प्रयोगका लागि उपलब्ध गराइएका हुन्। यस विद्यार्थी सुविधाले अतिरिक्त जिम्मेवारी पनि बोक्छ - लकरलाई सफा र व्यवस्थित राख्ने। हराएका वा चोरी भएका वस्तुहरूप्रति स्ट्राइभ प्रेपले कुनै जिम्मेवारी वहन गर्दैन; विद्यार्थीहरूले बहुमूल्य वस्तुहरू आफ्नै जोखिममा ल्याउनेछन्।

विद्यार्थी समूहको सुरक्षाका लागि तथा स्कूल नियमहरूको कार्यान्वयनका लागि आवश्यकताअनुरूप लकरहरूको खोजतलास गर्ने अधिकार स्ट्राइभ प्रेपले सुरक्षित राखेको छ। विद्यार्थीहरू आफ्ना लागि नियुक्त लकरमा भएका वस्तुहरूप्रति जिम्मेवार रहनेछन्।

# विद्यार्थी व्यवहार नीतिहरू

स्ट्राइभ प्रेपमा, हरेक स्कूल कार्यले एउटा स्कूल संस्कृति निर्माण गर्छ, जुन सकारात्मक व्यवहार प्रणाली तथा पुनर्स्थापनात्मक अभ्यासहरूमा आधारित हुन्छ। स्ट्राइभ प्रेपमा, हाम्रा मूलभूत मान्यता प्रतिबद्धताहरूमध्ये एक हो, "म सुरक्षित शरीर, मस्तिष्क तथा हृदय भएको वातावरण सिर्जना गर्न प्रतिबद्ध छु।" हामी सहयोगी समुदायको एउटा अंश हुने अधिकार सबै रहेको जहाँ प्रत्येक व्यक्ति आफ्नो पूर्ण, आधिकारिक व्यक्तित्व स्कूलमा ल्याउन सुरक्षित छन् भन्ने कुरामा विश्वास गर्छौं। हामीले हाम्रो धेरैजसो काम एउटा सशक्त समुदाय निर्माण गर्न गरेता पनि, हामीसँग कुनै विद्यार्थीले स्कूल वा डिस्ट्रिक्ट नीति उल्लङ्घन गर्दाका लागि कार्यविधिहरू पनि छन्।

शिक्षकहरूले कक्षाकोठाभित्र तथा स्कूल क्रियाकलापहरूको अवधिमा विद्यार्थीहरूलाई अपेक्षाहरू पूरा गराउन अग्रसक्रिय तथा सकारात्मक सहयोग प्रदान गर्न काम गर्नेछन्। विद्यार्थी व्यवहारबारे अतिरिक्त निर्णय आवश्यक हुने मुद्दाहरूका लागि निर्णयहरू स्कूल प्रशासकहरूले गर्छन्। स्ट्राइभ प्रेपमा हाम्रो अनुशासन नीतिसम्बन्धी

विवरण तल दिइएका छन्।

असक्तता भएका विद्यार्थीहरूका लागि व्यवहार परिणामहरू निर्धारण गर्दा विद्यार्थीको आइइपि वा 504 (जस्तैः व्यवहार हस्तक्षेप योजना, समायोजनहरू, आदि) का सान्दर्भिक घटकहरूमाथि विचार गरिन्छ।

स्ट्राइभ प्रेपले डिपिएस बोर्ड नीतिमा आधारित डेनभर पब्लिक स्कूल्स व्यवहार म्याट्रिक्स कार्यान्वयन गर्छ; पूर्ण नीति [डेनभर पब्लिक स्कूल्स शिक्षा बोर्ड वेबसाइट](), [नीति जेके-आर]() मा पाउन सकिन्छ। नीति वा कार्यान्वयनसम्बन्धी प्रश्नहरूका लागि, कृपया आफ्नो स्कूलको प्रिन्सिपलसँग सम्पर्क राख्नुहोस्।

स्कूल अनुशासन नीतिहरू कार्यान्वयन गर्ने जिम्मेवार स्कूल स्टाफले उक्त काम जात, लिङ्ग, उत्पत्ति राष्ट्र, जातियता, धर्म, असक्तता, यौनिक झुकाव, वा लैङ्गिक पहिचानका आधारमा कुनै विभेद नगरी गर्नुपर्नेछ।

अनुशासनात्मक कारबाहीका विषयमा गरिने सम्पूर्ण निर्णयहरू स्कूल प्रशासनद्वारा गरिन्छन्। स्ट्राइभ प्रेप हाइ स्कूलहरूले कुनै पनि अनुशासनात्मक कारबाहीबारे आमाबाबु/अभिभावकहरूलाई चुस्त रूपमा सूचित गर्ने हर सम्भव प्रयास गर्नेछन् तथा सम्भव भएसम्म उक्त काम लिखितमा गर्नेछन्।

**अनुशासन**

स्ट्राइभ प्रेप हाइ स्कूलका शिक्षा प्रदायकहरू विद्यार्थीहरूसँग सबैभन्दा नजिकमा रहेर काम गर्छन् र त्यसैले उनीहरूले अनुशासन जिम्मेवारीको भारी बोक्नुपर्छ। अनुशासनात्मक कुरा भएका खण्डमा तथा उपयुक्त हुँदा, शिक्षा प्रदायक वा स्टाफ सदस्यले उक्त विद्यार्थीसम्बन्धी समस्या समाधान गर्ने काम गर्नेछन्। अतिरिक्त, उच्च-तहको कारबाही गर्न आवश्यक हुँदा प्रशासकीय टोली तथा अन्य उपयुक्त स्कूल स्टाफले सम्पूर्ण संलग्नहरूसँग प्रभावकारी सञ्चारमा रहनुपर्छ, र उक्त घटनाको प्रलेखीकरण तथा फलो अप जहिल्यै आवश्यक हुनेछ।

उक्त प्रलेखीकरणले के भयो भन्ने कुराको तथ्यहरू तथा शिक्षा प्रदायक, स्टाफ सदस्य वा वयस्क सुपरिवेक्षकद्वारा गरिएको कारबाही उल्लेख गर्नेछ। विद्यार्थीको आमाबाबु/अभिभावकले घटनाका विषयमा छिटोभन्दा छिटो फोन कल प्राप्त गर्नेछन् तथा यदि स्कूल प्रिन्सिपल वा वयस्क सुपरिवेक्षकलाई आवश्यक लागेमा उनीहरूले रिपोर्टको एक प्रति प्राप्त गर्नसक्छन्। निश्चित परिणामहरू घटनाको गम्भीरतामा भर पर्छन्।

**स्कूल अनुशासन**

स्ट्राइभ प्रेपले डिपिएस अनुशासन नीति समनुरूप डिपिएस व्यवहार म्याट्रिक्स कार्यान्वयन गर्छ; पूर्ण डिपिएस नीति [डेनभर पब्लिक स्कूल्स शिक्षा बोर्ड वेबसाइट](), [नीति जेके-आर]() मा पाउन सकिन्छ। उपयुक्त भएका खण्डमा पुनर्स्थापनात्मक अभ्यासहरूको प्रयोग गर्न सकिनेछ। स्ट्राइभ प्रेपले विद्यार्थीहरूले कक्षाकोठाबाहिर बिताउने समय न्यूनीकरण गर्ने लक्ष्य राखेको छ; यद्यपि, यदि कक्षा छोड्न टार्न नसकिने भए, उक्त विद्यार्थीले उक्त समयमा छुटेको शैक्षिक कार्य पूरा गर्न आवश्यक छ।

डिपिएस व्यवहार म्याट्रिक्सले गम्भीर परिणामहरू गराउने व्यवहारहरू रेखाङ्कित गरेको छ, जस्तैः निलम्बनहरू र निष्कासनहरू। यदि स्कूल-बाहिरको निलम्बन आवश्यक भए, एउटा औपचारिक लिखित सूचना

आमाबाबु/अभिभावकलाई प्रदान गरिनेछ। स्कूल-बाहिरका निलम्बनहरू 1 (एक) देखि 3 (तीन) दिन सम्मका हुनेछन्।

**निष्कासन**
कुनै पनि विद्यार्थीलाई, डेनभर सहर तथा काउन्टी वा कोलोराडो राज्यका नियमहरूका अतिरिक्त डेनभर पब्लिक स्कूल्स (DPS) अनुशासन नीतिमा रेखाङ्कित गरिएका व्यवहारका लागि निष्कासन गर्न सकिनेछ। नीति वा कानुनले आवश्यक गरेका बेलामा कुनै पनि विद्यार्थीलाई निष्कासन प्रक्रियाका लागि रेफर गर्न स्ट्राइभ प्रेप जिम्मेवार छ।  सुनुवाइहरूसहित उक्त निष्कासन प्रक्रिया, डिपिएसले लागूयोग्य डिपिएस नीतिहरू र कार्यविधिहरूअनुसार सञ्चालन गर्नेछ। यदि कुनै विद्यार्थीलाई निष्कासनका लागि रेफर गर्न आवश्यक भए वा कानुनद्वारा आवश्यक भए, स्ट्राइभ प्रेपले विद्यार्थीका आमाबाबुहरू वा अभिभावकहरूलाई लिखितमा सूचना प्रदान गर्नेछ। निष्कासन सुनुवाइको लिखित सूचना आमाबाबुहरू वा अभिभावकहरूले अग्रिम प्राप्त गर्नेछन्। स्ट्राइभ प्रेपले निष्कासनहरूमा अन्तिम निर्णय गर्दैन।

स्कूल अनुशासन नीतिहरू कार्यान्वयन गर्न जिम्मेवार स्कूल स्टाफले उक्त काम जात, लिङ्ग, उत्पत्ति राष्ट्र, जातियता, धर्म, असक्तता, यौनिक झुकाव, वा लैङ्गिक पहिचानका आधारमा कुनै विभेद नगरी गर्नुपर्नेछ।

डिपिएस व्यवहार म्याट्रिक्स वा कार्यान्वयनसम्बन्धी प्रश्नहरूका लागि कृपया आफ्नो स्कूलको प्रिन्सिपलसँग सम्पर्क गर्नुहोस्। **सबैभन्दा पछि अद्यावधिक गरिएको डिपिएस व्यवहार म्याट्रिक्सको प्रति स्कूलको सम्पर्क कार्यालयमा पनि उपलब्ध छ।**

**विद्यार्थी नियन्त्रण**
स्टाइभ प्रेपले डेनभर पब्लिक स्कूल्स विद्यार्थी नियन्त्रण नीतिको पालना गर्छ। यो नीति स्कूल समुदायका सदस्यहरूको सुरक्षा, कल्याण तथा प्रतिष्ठाको यथोचित कदर गर्दै ठोस दक्ष निर्णय प्रयोग गरेर कार्यान्वयन गरिनेछ।

प्रामाणिक तथा प्रशिक्षित स्टाफ सदस्यले मात्र कुनै विद्यार्थीलाई शारीरिक नियन्त्रण गर्न सक्नेछन्। शारीरिक नियन्त्रण निम्नलिखित परिस्थितिहरूमा मात्र प्रयोग गर्न सकिनेछ:

- नियन्त्रण गरिने विद्यार्थी वा अन्यलाई शारीरिक हानिको कुनै गम्भीर, सम्भावित, आसन्न खतराबाट सुरिक्षित राख्न
- कम नियन्त्रणीय विकल्पहरू असफल भएका बेला आपत स्थितिमा वा स्टाफ सदस्यले त्यस्ता विकल्पहरू त्यस्तो परिस्थितिमा अनुपयुक्त हुन्छन् वा अप्रभावकारी हुन्छन् निर्धारण गरेमा

यस नीतिको अर्थ र अभिप्रायअन्तर्गत त्यस्तो काम बाल दुर्व्यवहार हुँदैन र त्यसले शारीरिक दण्डको अर्थ राख्दैन।

***नियन्त्रणमा निम्नलिखित सामेल हुँदैन:***

- शारीरिक सहयोग, चोटपटकको रोकथाम स्वच्छिक वा जीवन जोगाउने मेडिकल कार्यविधिहरूका लागि

प्रयोग गरिने सुरक्षात्मक वा अनुकूलनात्मक उपकरणहरू;

- विद्यार्थी वा अन्य व्यक्तिहरूको सुरक्षार्थ उक्त विद्यार्थीलाई ५ मिनटभन्दा कम समयका लागि रोकेर राख्ने;
- अल्पकालिन निलम्बनको प्रयोग अल्पकालिन निलम्बन कुनै विद्यार्थीलाई कक्षा वा अन्य स्कूल सम्बन्धित क्रियाकलापमा पुनः सामेल हुनुअघि एक जना वयस्कका साथमा राख्नु हो जो विद्यार्थीलाई आफूले गरेको अनुपयुक्त व्यवहारबारे सोच्ने उद्देश्यका लागि गरिन्छ।

**बुलिइङ र साइबर बुलिइङ**

स्ट्राइभ प्रेप सम्पूर्ण विद्यार्थीहरूका लागि सुरक्षित तथा सुदृढ स्कूल वातावरण प्रदान गर्न प्रतिबद्ध छ। विद्यार्थीहरू साइबर बुलिइङसहित धम्की, उत्पीडन तथा कुनै पनि किसिमको बुलिइङ व्यवहारबाट मुक्त वातावरणमा पढ्न पाउनुपर्छ भन्ने कुरामा हामी विश्वास गर्छौं।

बुलिइङ अर्को व्यक्तिलाई शारीरिक, मानसिक वा भावनात्मक हानि पुऱ्याउन अर्को व्यक्तिमाथि नियन्त्रण पाउन दबाब वा संत्रासको प्रयोग हो। बुलिइङ लिखित, मौखिक, वा इलेक्ट्रोनिक विधि वा शारीरिक क्रिया वा मुद्रामार्फत हुनसक्छ।

स्ट्राइभ प्रेप स्कूलहरूमा कुनै पनि कारणका लागि गरिने बुलिइङ निषेध गरिएको छ, स्कूल परिसर तथा स्कूल-प्रायोजित समारोहहरू दुवैमा। यदि कुनै विद्यार्थी बुलिइङमा संलग्न भए, उसले वा उनले डिपिएस व्यवहार म्याट्रिक्सअनुरूप अनुशासनात्मक कारबाहीको सामना गर्नुपर्ने हुन्छ। स्ट्राइभ प्रेपले बुलिइङ रोकथामका लागि विद्यार्थीहरू र स्टाफलाई सहयोग गर्नेछ, ज्ञात बुलिइङका घटनाहरूमा तुरुन्त हस्तक्षेप गर्नेछ, बुलिइङ व्यवहार परिवर्तन गर्न तथा बुलिइङबाट पीडितहरूलाई सहयोग गर्न विद्यार्थीहरूसँग काम गर्नेछ, तथा सकारात्मक र सहयोगी व्यवहार पहिचान गरी सराहना गर्नेछ। यी प्रयासहरू बुलि-मुक्त वातावरण कायम गर्न निर्माण गरिनेछन्।

विद्यार्थीहरू स्कूल परिसरबाहिर हुँदा इलेक्ट्रोनिक विधिबाट पनि बुलिइङ हुनसक्छ। यदि त्यस्ता बुलिइङका घटनाले स्कूल वातावरणमा बाधा पुऱ्याउँछन् भने स्ट्राइभ प्रेपले अनुशासनात्मक कारबाही गर्न सक्नेछ।

यदि बुलिइङ भएको छ भने विद्यार्थी वा आमाबाबु/अभिभावकले तुरुन्तै सो कुराको रिपोर्ट प्रिन्सिपल, एसिस्टेन्ट प्रिन्सिपल, प्रशासक, शिक्षक, वा मानसिक स्वास्थ्य विशेषज्ञलाई गर्नुपर्नेछ। त्यसपछि स्टाफले उक्त घटना(हरू)को अनुसन्धान सम्भावनाको हदसम्म विस्तृत तथा गोप्य तवरबाट गर्नेछन् र उपयुक्त उपाय छनोट गर्नेछन्। यदि आमाबाबु/अभिभावकलाई उक्त उपाय अपर्याप्त लागे, उसले वा उनले managingdirectors@striveprep.orgमा इमेल पठाउन सक्नेछन्। अनुसन्धानमा सहभागी हुने व्यक्तिहरूतर्फ गरिने प्रतिकार सहन गरिनेछैन।

बुलिइङलाई उत्पीडनका रूपमा वर्गीकृत गरिएको छ र यदि उत्पीडन जात, जातियता, लिङ्ग, यौनिक झुकाव, लैङ्गिक पहिचान, धर्म, उत्पत्ति राष्ट्र, पुर्ख्यौली, उमेर, वैवाहिक स्थिति, भेटेरन स्थिति, वा असक्ततामा आधारित

छ भने त्यसलाई नागरिक अधिकारहरूको उल्लङ्घन मानिनेछ। उत्पीडनका विषयमा बढी जानकारीका लागि, कृपया तल हेर्नुहोस्।

**परिवारहरूले कसरी मद्दत गर्नसक्छन्?**

यदि तपाईँ आफ्नो स्कूलमा हुने बुलिइङप्रति सरोकार राख्नुहुन्छ भने समस्यालाई सम्बोधन गर्न हामी तपाईँलाई सोझै आफ्नो स्कूलको प्रिन्सिपल, सामाजिक कार्यकर्ता, स्कूल मनोचिकित्सक वा शिक्षकसँग सम्पर्क गर्न सिफारिस गर्छौँ। हामी तपाईँलाई आफ्नो विद्यार्थीसँग बुलिइङबारे कुरा गर्न, आफ्नो बच्चालाई यदि ऊ वा उनी वा अन्य कुनै विद्यार्थी माथि बुलिइङ वा साइबर बुलिइङ भएको छ भने सधैँ एक जना विश्वासिलो वयस्कलाई बताउन सिकाउन प्रोत्साहित गर्दछौँ। निम्न स्रोतहरूमा बुलिइङ तथा साइबर बुलिइङबारे अनलाइन बढी जान्नुहोस्: • Cyberbullying.org • Stopbullying.gov • Safeschools.state.co.us • Commonsensemedia.org

**सेफटुटेल**

सेफटुटेल कोलोराडो अज्ञात रूपमा तपाईँ, तपाईँको स्कूल, तपाईँका साथीहरू, तपाईँको परिवार वा तपाईँको समुदायलाई खतरामा पार्ने कुनै पनि खतरनाक व्यवहार रिपोर्ट गर्न विद्यार्थीहरूलाई मद्दत गर्न निर्माण गरिएको छ। सेफटुटेल सिओ अज्ञात छ - यसको अर्थ रिपोर्टिङ पार्टीका रूपमा तपाईँको परिचय अज्ञात रहनेछ। सेफटुटेल तपाईँको सरोकार सुन्न मात्र र मद्दत गर्ने कोसिस गर्न चाहन्छ। अनामिकता कोलोराडो राज्य कानुनद्वारा संरक्षित छ। टोल फ्रि नम्बर निम्न हो: 1-877-542-7233 (SAFE)। रिपोर्टहरू अनलाइन पनि बुझाउन सकिनेछ। तपाईँले safe2tell.org मा सेफटुटेलबारे बढी जान्न र कसरी अनलाइन अज्ञात रिपोर्टहरू गर्न सकिन्छ जान्न सक्नुहुन्छ।

**हतियारहरू**

स्कूल, स्कूल परिसर, परिसरभित्र कहीँ पनि, स्कूल-प्रायोजित यातायात, वा कुनै पनि स्कूल-प्रायोजित वा स्कूलसम्बन्धी कार्यक्रममा बन्दुक, चक्कु, विस्फोटक, वा कुनै पनि किसिमका हतियारहरूको अनुमति छैन। नक्कल, वा हतियारजस्ता देखिने वस्तुहरू, जसमा खेलौना हतियारहरू पनि सामेल छन्, वा युक्तिसङ्गत रूपमा खेलौनाका रूपमा प्रयोग गर्न सकिने वस्तुहरूको अनुमति कहिल्यै दिइने छैन।

**हिंसा**

स्ट्राइभ प्रेप समुदाय सम्पूर्ण विद्यार्थीहरूका लागि सुरक्षित रहेको सुनिश्चित गर्न, हिंसात्मक व्यवहार सहन गरिनेछैन। स्कूल, स्कूल-प्रायोजित यातायात, स्कूलसम्बन्धी कार्यक्रममा भौतिक हिंसा गर्ने वा धम्क्याउने, स्कूल समयमा त्यस्ता हिंसात्मक क्रियाकलाप योजना गर्ने कुनै पनि विद्यार्थीले, डिपिए व्यवहार म्याट्रिक्समा रेखाङ्कित गरिएअनुरूप उपयुक्त परिणाम प्राप्त गर्नेछ।

**लागूपदार्थ, मदिरा र सूर्ती**

कुनै पनि विद्यार्थीले वैध मेडिकल प्रेस्क्रिप्सन तथा प्रयोगका लागूयोग्य नियमहरू पालना नगरी गरिने गाँजाको प्रयोगसहित मदिरा, सूर्ती वा गैरकानुनी लागूपदार्थहरूको प्रयोग, स्वामित्व वा वितरण, प्रेस्क्रिप्सन औषधिहरूको

दुरुपयोग, स्कूल परिसर, कुनै पनि स्कूल-अनुमोदित क्रियाकलापहरू, विद्यार्थीहरूलाई स्कूल-प्रायोजित वाहनहरूमा यात्रा गराउँदा, वा स्कूलले काम गर्ने कुनै पनि स्थानमा निषेध गरिएको छ। यस नीतिको उल्लङ्घनको नतिजा डिपिएस व्यवहार म्याट्रिक्समा रेखाङ्कित गरिएको परिणाम हुनेछ।

**विद्यार्थी खोजतलास**

यदि स्कूलमा कुनै अकाट्य हित, विशेष आवश्यकता भए वा स्कूल नीति वा कानुनको उल्लङ्घनको युक्तिसङ्गत आशङ्का भए, स्ट्राइभ प्रेप स्टाफले स्कूल सम्पत्ति (जसमा विद्यार्थीका लकरहरू सामेल छन् तर यतिमै सीमित छैनन्) मा खोजतलास गर्न सक्नेछन्। स्कूल पदाधिकारीहरूले विद्यार्थी निज र/वा निजको व्यक्तिगत सम्पत्ति, डेस्क क्षेत्र, झोला, स्कूल परिसरमा पार्क गरिएको वाहन, वा कुनै निर्दिष्ट विद्यार्थीलाई प्रदान गरिएको स्कूल सम्पत्तिको पनि खोजतलास गर्नेछन्, जब स्कूल पदाधिकारीलाई गैरकानुनी, बाधाकारी, वा स्कूल नीति वा कानुनको उल्लङ्घन भएको मानिने वस्तुहरू विद्यार्थीसँग भएको आशङ्का हुन्छ, वा उक्त विद्यार्थीको स्वामित्वमा भएका ती वस्तुहरू स्कूल नीति वा कानुनको उल्लङ्घन हुने गरी प्रयोग गरिने आशङ्का हुन्छ। कुनै विद्यार्थीसँग लागूपदार्थ, नार्कोटिक्स, हतियारहरू, विस्फोटकहरू, वा अन्य खतरनाक वर्जित वस्तुको स्वामित्व भए, र त्यस्तो स्वामित्वले सुरक्षा र कल्याण वा स्कूल सम्पत्तिप्रति स्पष्ट तथा आसन्न खतरा निम्त्याएको भए स्कूल अधिकारीहरूले त्यस्तो विद्यार्थीलाई पक्रेर राख्नेछन्।

**यातायात**

विद्यार्थीहरूले क्याम्पसमा पार्क गर्न उनीहरूसँग वैध कोलोराडो चालकको लाइसेन्स, वर्तमान कोलोराडो वाहन रजिस्ट्रेसन, तथा बीमाको प्रमाण हुनुपर्नेछ। आरटिडि पास आवेदनहरू स्कूलको प्रमुख कार्यालयमा उपलब्ध छन्।

यातायात ती विद्यार्थीहरूका लागि मात्र ग्यारेन्टी गरिन्छ, जससँग योग्य असक्तता हुन्छ वा जसले गृहविहीनता अनुभव गरिरहेका हुन्छन्। यदि तपाईँलाई आफू वा आफ्नो बच्चा यातायात सेवाहरूका लागि योग्य छौँ भन्ने लाग्छ भने कृपया आफ्नो स्कूल प्रिन्सिपल वा सामाजिक कार्यकर्ता/स्कूल मनोचिकित्सकसँग सम्पर्क गर्नुहोस्। गृहविहीनता अनुभव गरिरहेका विद्यार्थीहरूका लागि उपलब्ध सेवाहरूका विषयमा बढी जानकारीका लागि कृपया आफ्नो स्कूलको सामाजिक कार्यकर्ता/स्कूल मनोचिकित्सकसँग सम्पर्क गर्नुहोस् वा http://thecommons.dpsk12.org/Page/1147 हेर्नुहोस्।

केही केसहरूमा, निश्चित क्षेत्रहरूमा यातायात सेवाहरू उपलब्ध हुनसक्छन् वा विद्यार्थीहरूका लागि बस पासहरू उपलब्ध हुनसक्छन्। बढी जानकारीका लागि कृपया आफ्नो स्कूल प्रिन्सिपलसँग सम्पर्क राख्नुहोस्।

# समग्र स्कूल नीतिहरू

हाम्रो लक्ष्य प्रत्येक विद्यार्थी नियमित रूपमा स्कूल आओस् भनी सुनिश्चित गर्नु हो - **प्रत्येक विद्यार्थी। हरेक दिन!** स्ट्राइभ प्रेपमा सफल हुन विद्यार्थी उपस्थित हुनैपर्छ। नियमित उपस्थिति उपलब्धिका लागि प्रमुख हुन्छ र

सम्पूर्ण स्कूल-आधारित सिकाइलाई पूरक कार्यका रूपमा घर पठाउन सकिँदैन। उपयुक्त शिक्षा पाउनका निमित्त विद्यार्थी स्कूलमा दैनिक उपस्थित भएको र स्कूल उपस्थितिका नियमहरू पालना गरेको सुनिश्चित गर्ने जिम्मेवारी आमाबाबु/अभिभावक र विद्यार्थी दुवैको हो भन्ने विश्वास स्ट्राइभ प्रेपको छ।

सम्पूर्ण स्ट्राइभ प्रेप स्कूलहरूसँग उपस्थिति मार्गदर्शनहरू तथा अपेक्षाहरू परिभाषित गर्ने स्पष्ट रूपमा व्यक्त नीतिहरू छन्।  दैनिक विद्यार्थी उपस्थिति प्रेरित गर्न स्कूलहरूले स्ट्राइभ प्रेप नीति तथा राज्य कानुनहरूअनुरूप रहेर निजी वा स्कूल-ब्यापी उपस्थिति योजनाहरू विकास गर्नसक्छन्।

स्कूल क्यालेन्डरको प्रति www.striveprep.org मा प्रत्येक स्कूलको वेबपृष्टमा उपलब्ध छ।

**विद्यार्थी स्वच्छता**

विद्यार्थीहरूले शौचालय प्रयोग गरेपछि, खानाअघि र पछि, स्कूल समयमा स्कूल प्रशासकहरू वा शिक्षकहरूले अनिवार्य गरेको समयमा आफ्ना हातहरू धुने वा हाते स्यानिटाइजर प्रयोग गर्ने अपेक्षा गरिन्छ। सम्भव भएसम्म, विद्यार्थीहरूले खोक्दा वा हाछ्यूँ गर्दा टिस्युले छोप्नुपर्नेछ, उक्त टिस्यु फोहोरदानीमा फ्याँक्नुपर्नेछ, तथा हात साबुन पानीले धुनुपर्नेछ वा हाते स्यानिटाइजर प्रयोग गर्नुपर्नेछ। विद्यार्थीहरूले नधोएका हातले आफ्ना आँखा, नाक र मुख छुनबाट बच्नुपर्नेछ।

**उपस्थिति कार्यविधिहरू तथा सामान्य जानकारी**

स्वास्थ्य समस्याहरू तथा अन्य परिस्थितिहरूका कारण केही अनुपस्थितिहरूलाई टार्न सकिँदैन भन्ने कुरा हामी स्वीकाछौँ। तर, हामीलाई विद्यार्थीहरूले धेरै स्कूल समय छुटाउनाले - कारण जेसुकै होस् - उनीहरूलाई शैक्षिक रूपमा पछि पार्छ भन्ने पनि थाहा छ। यी अनुपस्थितिहरू स्वीकृत वा अस्वीकृत जस्ता भए तापनि, तिनले कक्षाकोठामा छुटेको समय र सिक्नका लागि छुटेको अवसरको प्रतिनिधित्व गर्छन्। विद्यार्थीहरूले हरेक दिन, सङ्क्रामक हुनुका साथै गम्भीर बिरामी भएको स्थिति वा "स्वीकृत" अनुपस्थिति का रूपमा तल सूचीकृत अन्य परिस्थितिहरूबाहेक, स्कूल आउनुपर्नेछ। दुईभन्दा बढी दिन बिरामीका कारण हुने अनुपस्थितिका लागि कुनै डाक्टरद्वारा लिखित प्रमाणीकरण आवश्यक पर्नसक्नेछ। कुनै पनि अस्वीकृत अनुपस्थितिको नतिजा तत्काल आमाबाबु/अभिभावक सञ्चार हुनेछ।

अनुपस्थित भएका कारण छुटेको काम पूरा गर्ने जिम्मेवारी विद्यार्थीहरूको हो। यदि अनुपस्थिति योजनाबद्ध भए, आमाबाबु/अभिभावकहरू तथा विद्यार्थीहरूले अग्रसक्रिय रूपमा काम पूरा गर्ने अनुरोध गर्नुपर्नेछ।

**अनुपस्थितिहरूको सूचना**

आमाबाबु/अभिभावकले विद्यार्थी अनुपस्थित हुने दिनमा, कारण प्रदान गर्दै तथा विद्यार्थी कहिले स्कूल फर्किने हो सूचित गर्दै 9 पूर्वाहनभित्र स्कूललाई सूचित गर्नुपर्नेछ; यद्यपि, हामी आमाबाबु/अभिभावकहरूलाई अनुपस्थितिको सूचना सम्भव भएसम्म अग्रिम प्रदान गर्न प्रोत्साहित गर्छौँ।

परिस्थितिहरूमा आधारित रहेर, अनुपस्थितिलाई "स्वीकृत" भनी चिन्हाङ्कित गर्न लिखित प्रलेखीकरण आवश्यक

हुनसक्नेछ।

स्कूल फर्किंदा, अनुपस्थित भएको प्रत्येक विद्यार्थी र स्कूलमा फोन नगर्ने उक्त विद्यार्थीका आमाबाबु/अभिभावक कार्यालय व्यवस्थापकलाई आमाबाबु/अभिभावक (वा अन्य जिम्मेवार व्यक्ति) बाट एउटा नोट प्रदान गर्न जिम्मेवार रहन्छन्, जसले अनुपस्थिति/बिलम्बको कारण(हरू) स्थापित गरेको हुन्छ (उक्त नोटमा मिति तथा निर्दिष्ट अनुपस्थितिका लागि आवश्यक हुनसक्ने तल सूचीकृत अन्य कुनै जानकारी सामेल हुनुपर्नेछ)।

***कृपया ध्यान दिनुहोस्:*** कुनै विद्यार्थी अनुपस्थित हुँदा, आमाबाबु/अभिभावकले उक्त विद्यार्थी अनुपस्थित हुने हरेक दिन एउटा स्वप्रेषित फोन कल प्राप्त गर्नेछन्।

**स्वीकृत अनुपस्थितिहरू**

स्वीकृत अनुपस्थिति यस्तो अनुपस्थिति हो, जसमा आमाबाबु/अभिभावकको अनुमति हुन्छ र जसलाई निम्नमध्ये एक कारणका लागि प्रिन्सिपलद्वारा स्वीकृत गरिएको हुन्छ:

- विद्यार्थीको बिरामी वा मेडिकल समस्या;
- आफ्नो परिवारमा कसैको मृत्यु;
- मेडिकल वा मानसिक स्वास्थ्य एपोइन्टमेन्ट (जस्तैः डाक्टर, दन्त-चिकित्सक, थेरापी);
- धार्मिक बिदा उत्सव;
- स्कूलको अनुशासनात्मक कारबाहीका कारण हुने अनुपस्थिति (जस्तैः निलम्बन);
- कानुनी बाध्यता (जस्तैः अदालतमा हाजिरी, सामुदायिक सेवा)
- आमाबाबु/विद्यार्थीले निर्धारित गरेअनुसार मानसिक स्वास्थ्य दिवस (प्रति वर्ष 2 दिन); वा
- अन्य टार्न नसकिने विद्यार्थी प्रतिबद्धता (आमाबाबु/अभिभावकले उक्त अनुपस्थित स्वीकृत हुनसक्छ / सक्दैन भनी निर्धारण गर्न प्रिन्सिपलसँग छलफल गर्नुपर्नेछ)।

त्यस्तो अनुपस्थिति स्कूल द्वारा स्वीकृत पुष्टि गर्न स्कूललाई आमाबाबु/अभिभावकबाट प्रलेखीकरण आवश्यक हुनसक्छ (जस्तैः आमाबाबु/अभिभावक र/वा स्वास्थ्य स्याहार प्रदायकबाट लिखित प्रलेखीकरण वा विद्यार्थीले स्कूल छुटाएको कारणको प्रमाण)।

**अस्वीकृत अनुपस्थितिहरू**

अस्वीकृत अनुपस्थिति त्यस्तो अनुपस्थिति हो, जसले स्वीकृत अनुपस्थितिका लागि मापदण्डहरू पूरा गर्दैन वा जब आमाबाबु/अभिभावक स्वीकृत अनुपस्थितिका लागि आवश्यक लिखित प्रलेखीकरण प्रदान गर्न असफल हुन्छन्। उदाहरणमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् - परिवार र/वा विद्यार्थी बिदाहरू, बच्चा स्याहार परस्थितिहरू, र स्कूल असबन्धित क्रियाकलापहरू। यदि तपाईँलाई कुनै कारणका लागि आफ्नो बच्चाले स्कूल छुटाउने कुरा अग्रिम जानकारी छ भने कृपया कसरी स्कूल कार्य छुटाउनबाट बचाउन सकिन्छ भन्ने कुरा छलफल गर्न प्रिन्सिपलसँग सम्पर्क गर्नुहोस्।

*कृपया ध्यान दिनुहोस्:* स्कूल प्रिन्सिपलले नै अन्त्यमा अनुपस्थितिहरू स्वीकृत / अस्वीकृत भएको निर्णय गर्छन्, परिवारहरूले होइन। यस अतिरिक्त, यदि कुनै विद्यार्थीले अनुपस्थितिका कारण धेरै मात्राको स्कूल समय छुटाउँछ भने नियमित उपस्थिति योजना निर्धारण गर्न स्कूल स्टाफले परिवारहरूसँग काम गर्नेछन्।

**गैर-हाजिरी**

राज्य कानुनले 17 वर्षसम्म उमेर भएका विद्यार्थीहरूका स्कूल उपस्थिति अनिवार्य गरेको छ। स्कूल उपस्थिति तथा गैर-हाजिरी कानुन तथा नीतिहरूको उद्देश्य विद्यार्थी तथा परिवारलाई सहयोग गर्नु र स्कूल उपस्थितिका बाधाहरूलाई न्यूनीकरण गर्नु हो।

एक महिनामा चारवटा अस्वीकृत अनुपस्थितिहरू वा एक वर्षमा 10 अस्वीकृत अनुपस्थिति भएका विद्यार्थीहरूलाई गैर-हाजिरी दायर गर्न डिपिएसमा रेफर गरिनेछ। यदि कुनै विद्यार्थीसँग तीस (30) दिनभन्दा बढीका अस्वीकृत अनुपस्थितिहरू छन् भने स्ट्राइभ प्रेपले उक्त विद्यार्थीलाई गैर-हाजिरी दायर गर्न रेफर गर्न आवश्यक छ।

गैर-हाजिरी रेफर गर्नुअघि, स्कूल प्रिन्सिपलले आमाबाबु/अभिभावकलाई अस्वीकृत अनुपस्थितिहरूबारे सूचित गर्नेछन् तथा अनुपस्थितिहरू छलफल गर्न र उपस्थिति योजना निर्माण गर्न आमाबाबु/अभिभावकसँग बैठकका लागि अनुरोध गर्नेछन्। स्कूलमा विद्यार्थीको अनुपस्थिति पर्याप्त रूपमा न्यूनीकरण गर्न स्कूलले लिएका कदमहरू सफन नभएको स्थितिमा, र स्कूलमा विद्यार्थीको अनुपस्थितिहरू न्यूनीकरण गर्न स्कूललाई सहयोग गर्न अदालतको हस्तक्षेप र सुपरिवेक्षण आवश्यक हुँदा गैर-हाजिरी दायर गर्नेबारे विचार गर्न सकिनेछ।

**यदि तपाईंलाई आफ्नो बच्चालाई एउटा उपस्थिति योजनाको आवश्यकता छ भन्ने लाग्छ वा गैर-हाजिरी प्रक्रियाबारे बढी जानकारी चाहनुहुन्छ भने कृपया आफ्नो बच्चाको प्रिन्सिपलसँग सम्पर्क गर्नुहोस्।**

**छिटो छुट्टी**

छिटै स्कूल परिसर छोड्नुपर्ने विद्यार्थीहरूलाई आमाबाबु/अभिभावक वा आधिकारिक व्यक्तिले पिक अप गर्नुपर्नेछ। उक्त आमाबाबु/अभिभावक वा आधिकारिक व्यक्तिलाई आइडि देखाउन भनिनेछ र बाहिर लैजान विद्यार्थीलाई रिलिज गर्नुअघि स्कूलको उपस्थिति अभिलेख प्रयोग गरेर हस्ताक्षर गर्नुपर्नेछ।

**परिवार आपतकाल**

आपत स्थितिमा, आमाबाबु/अभिभावकले मुख्य कार्यालयमा फोनद्वारा वा व्यक्ति उपस्थित भएर सम्पर्क गर्नुपर्नेछ। सम्पूर्ण विद्यार्थीहरूको सुरक्षा र शुद्ध लेखाङ्कनका लागि, आमाबाबु वा अभिभावकहरूले स्टाफको पूर्व-अनुमति नलिई विद्यार्थीहरूलाई स्कूल परिसरबाट लैजानु हुनेछैन वा विद्यार्थीहरूलाई कक्षाकोठामा सम्पर्क गर्नु हुनेछैन।

**दुर्घटना वा मेडिकल आपतकाल**

यदि विद्यार्थीमाथि स्कूलमा वा परिसरबाहिर स्कूलको कार्यक्रममा मेडिकल आपत आइपर्छ वा गम्भीर दुर्घटना

हुन्छ भने विद्यार्थीको प्राथमिक उपचार गरिनेछ र उक्त विद्यार्थीको आमाबाबु(हरू)/अभिभावक(हरू)सँग तत्काल सम्पर्क गरिनेछ। यदि विद्यार्थीका आमाबाबु(हरू)/अभिभावक(हरू)सँग सम्पर्क गर्न सकिएन भने विद्यार्थीको स्वास्थ्य फाराम (वा आपतकालीन सम्पर्क कार्ड) मा सूचीकृत व्यक्ति वा परिवारको फिजिसियनलाई सम्पर्क गरिनेछ। परिस्थितिले मागेमा, स्कूलले आपतकालीन मेडिकल सेवाहरू (911) मा फोन गर्नेछ।

**विद्यार्थीहरूलाई औषधि चलाउने**

विद्यार्थीहरूलाई औषधि चलाउने काम कुनै फिजिसियनले वा दन्त-चिकित्सकले प्रेस्क्राइब गरेअनुसार र आमाबाबु/अभिभावकबाट प्राप्त द्रुत लिखित अधिकार प्रत्यायोजनपछि मात्र गर्न सकिनेछ। मेडिकल अधिकार प्रत्यायोजन फाराम आमाबाबु/अभिभावकहरू तथा फिजिसियनले भरेर हस्ताक्षर गर्नुपर्नेछ। औषधि वास्तविक फार्मेसी पात्रमा स्कूललाई प्रदान गरिनुपर्नेछ र त्यसमा विद्यार्थीको नाम, औषधिको नाम, चलाउने मात्रा, दिनमा कति पटक चलाउने, विधि र औषधि लिन छोड्नुपर्ने मिति (यदि लागू हुने भए) उल्लेख भएको हुनुपर्नेछ। स्कूल समयबाहिर सञ्चालन गरिने स्कूल कार्यक्रमहरूमा औषधि चलाउन अतिरिक्त प्रलेखीकरण आवश्यक पर्नसक्नेछ।

**स्कूल समापन/बिलम्ब/समयपूर्व छुट्टी**

खराब मौसमको स्थिति आएमा, स्ट्राइभ प्रेपले स्कूल बन्द गर्न वा ढिलो आरम्भ गर्न डेनभर पब्लिक स्कूलको निर्णय पालना गर्नेछ। डेनभर पब्लिक स्कूलहरूका स्कूल समापनहरू वा बिलम्बहरू अल मेट्रो डेनभर रेडियो तथा टेलिभिजन स्टेसनहरूबाट घोषणा गरिनेछन् र उनीहरूको वेबसाइट www.dpsk12.org मा पोस्ट गरिनेछन्। सम्भव भएसम्म, स्ट्राइभ प्रेपले उक्त जानकारी परिवारहरूलाई 5:30 पूर्वाह्नअघि विभिन्न च्यानलहरूमार्फत सञ्जार गर्ने प्रयास पनि गर्नेछ जसमा स्वतः फोन कलहरू र टेक्स्ट सन्देशहरू सामेल छन् साथसाथै www.striveprep.org मा पोस्ट गरिएका घोषणाहरूमार्फत तथा स्कूल निर्दिष्ट सामाजिक मेडिया पृष्ठहरूमार्फत सञ्चार गरिनेछ। उक्त जानकारीमाथि पहुँच राख्ने जिम्मेवारी आमाबाबु/अभिभावकहरू तथा विद्यार्थीहरूको हो।

विरल परिस्थितिहरूमा, स्कूल सुविधा स्थितिहरू वा अन्य अनिवार्य, बाह्य चरहरूले आकस्मिक छिटो छुट्टी गर्न वा स्कूल समापन गर्न आवश्यक हुनसक्छ। स्ट्राइभ प्रेपले यस्ता परिस्थितिहरू तथा कुनै छुट्टी वा कार्यतालिका परिवर्तनका विषयमा सम्बन्धित निर्देशनहरू आमाबाबु/अभिभावकलाई रेकर्ड गरिएको फोन वा टेक्स्ट सन्देशमार्फत, साथसाथै स्ट्राइभ प्रेपको वेबपृष्ठ तथा स्ट्राइभ प्रेप आधिकारिक सामाजिक मेडिया पृष्ठहरूमार्फत सूचित गर्नेछ।

**क्षेत्र-भ्रमण, शैक्षिक भ्रमण, तथा बाह्य शिक्षा अवसरहरू**

क्षेत्र-भ्रमण, शैक्षिक भ्रमण, तथा बाह्य शिक्षा अवसरहरू स्ट्राइभ प्रेपका विद्यार्थी शिक्षा अनुभवका अंश हुन् र यिनले विद्यार्थीहरूलाई कक्षाकोठामा अस्तित्व नभएका धेरै शैक्षिक अवसरहरूमा अनावृत्त गर्छन्। कुनै पनि क्षेत्र-भ्रमण वा बाह्य शिक्षा अवसरहरूमा गरिने सहभागिताले आफ्ना बच्चाहरूलाई दुर्घटना, हानि, क्षति वा चोटपटकसहित जोखिमहरूमा अनावृत्त गर्छ र त्यस्ता जोखिमहरूप्रति स्ट्राइभ प्रेपको दायित्व हुने छैन भनी आमाबाबुहरू र अभिभावकहरूले बुझेका छन्। प्रत्येक क्षेत्र-भ्रमणअघि क्षेत्र-भ्रमण अनुमति पुर्जी घर पठाइनेछ र विद्यार्थीले हस्ताक्षर गरिएको क्षेत्र-भ्रमण अनुमति पुर्जी फिर्ता नगरेसम्म क्षेत्र-भ्रमणमा सहभागिता जनाउन

दिइनेछैन। सामान्य क्षेत्र-भ्रमण नीतिहरूका विषयमा प्रश्नहरू भएका आमाबाबु/अभिभावकहरूले स्कूल प्रिन्सिपलसँग कुरा गर्नुपर्नेछ, निर्दिष्ट क्षेत्र-भ्रमणका विषयमा प्रश्नहरू भने उक्त क्षेत्र-भ्रमणको नेतृत्व गर्ने शिक्षक/स्टाफ सदस्यतर्फ सोझिनुपर्नेछ।

**खाद्य सेवाहरू**

स्ट्राइभ प्रेपले आफ्ना विद्यार्थीहरूका लागि ब्रेकफास्ट तथा लन्च प्रदान गर्छ। उक्त स्कूल राष्ट्रिय स्कूल लन्च कार्यक्रममा सहभागी छ, जसले सम्पूर्ण विद्यार्थीहरूका लागि निःशुल्क ब्रेकफास्ट तथा योग्य विद्यार्थीहरूका लागि निःशुल्क वा न्यून शुल्क लन्च प्रदान गर्छ। उक्त कार्यक्रममा सहभागी हुन आवेदन रजिस्ट्रेसन, अभिमुखीकरण, र मुख्य कार्यालयमा उपलब्ध छन्। राष्ट्रिय स्कूल लन्च कार्यक्रमले निर्धारण गरेअनुसार लन्चको खर्चका लागि परिवारहरू आर्थिक रूपमा जिम्मेवार छन्। निःशुल्क वा न्यून शुल्क लन्च कार्यक्रमका लागि योग्य नहुने र स्कूलमा लन्चको रकम वा लन्च लिएर आउन नसक्ने विद्यार्थीहरूलाई स्कूल प्रशासकहरूले लन्च प्रदान गर्न सक्नेछन्। लागेका कुनै पनि खर्चहरू प्रमुख कार्यालयमा कार्यालय व्यस्थापकलाई चुस्त रूपमा फिर्ता भुक्तानी गर्नुपर्नेछ। विद्यार्थीका एकाउन्टहरू जरिवानाबिना ऋणात्मक हुनसक्छन्; तथापि, स्ट्राइभ प्रेपलाई छिटोभन्दा छिटो उक्त रकम भुक्तानी गर्न परिवारहरू जिम्मेवार छन्।

**विद्यार्थी एलर्जीहरू**

**यदि आफ्ना बच्चाहरूलाई एलर्जीहरू वा आहार निषेधहरू भए, स्कूल नर्स र प्रिन्सिपललाई सूचित गर्न आमाबाबुहरू/अभिभावकहरू जिम्मेवार छन्।** एक पटक सूचित गरेपछि, स्कूलले तपाईंको बच्चाका आवश्यकताहरू एकोमोडेट गर्न तथा उनीहरूको सुरक्षा सुनिश्चित गर्न तपाईंसँग काम गर्नेछ। मेडिकल प्रलेखीकरण आवश्यक हुनसक्छ र आफ्ना बच्चालाई आवश्यक पर्नसक्ने कुनै पनि आवश्यक आपतकालीन औषधि (जस्तैः एपिपेन) प्रदान गर्न परिवारहरू जिम्मेवार छन्। एलर्जी आपतकालका लागि योजना विकास गर्न स्कूल नर्स, प्रिन्सिपल र आमाबाबु/अभिभावकले सँगै काम गर्नेछन्। (जस्तैः एपिपेन चलाउने, यदि लागू हुने भए र मेडिकल फारामसहित बुझाइएको भए।) आफ्नो बच्चाको एलर्जी वा औषधि आवश्यकताहरूमा कुनै परिवर्तन भए, सोबारे स्कूललाई अद्यावधिक गर्ने जिम्मेवारी आमाबाबु/अभिभावकहरूको हो।

**विद्यार्थी प्रविधि शुल्क**

विद्यार्थीहरूलाई कम्प्युटरहरू उपलब्ध हुन् भनी सुनिश्चित गर्न, स्ट्राइभ प्रेपले सम्पूर्ण मिडल तथा हाइ स्कूलका विद्यार्थीहरूबाट $25 को वार्षिक शुल्क सङ्कलन गर्छ, जहाँ अधिकतम परिवार योगदान $50 प्रति परिवार छ। यस शुल्कमा प्रति शैक्षिक सत्र एक पटक मरम्मत गरेको खर्च सामेल छ। एक पटक मरम्मत गरेपछि त्यसपछिका मरम्मतहरूको खर्चका लागि परिवार जिम्मेवार रहनेछ। प्रविधि शुल्क शैक्षिक सत्रको आरम्भमा रजिस्ट्रेसन गरिने दिनमा भुक्तानी गर्नुपर्नेछ। ती शुल्कहरू नगद, चेक, वा क्रेडिट कार्डद्वारा गर्न सकिनेछ। यदि तपाईं रजिस्ट्रेसन गरिने दिनमा प्रविधि शुल्क भुक्तानी गर्न असमर्थ हुनुहुन्छ भने वा अरू प्रश्नहरू छन् भने कृपया आफ्नो बच्चाको प्रमुख कार्यालयमा सम्पर्क गर्नुहोस्। तपाईंको बच्चालाई एउटा सशक्त सिकाइ वातावरणका सम्पूर्ण लाभहरू प्रदान गर्न, हामी तपाईंलाई आफ्नो बच्चाको प्रविधि शुल्क भुक्तानीका लागि सहयोग गर्न अनुरोध गर्छौं।

***<u>प्रविधिको प्रयोग र सामाजिक मेडिया</u>***

रजिस्ट्रेसनका बेला सम्पूर्ण स्ट्राइभ प्रेप विद्यार्थीहरूलाई ***प्रविधि अनुमति र प्रयोग सहमति*** प्रदान गरिनेछ। विद्यार्थीहरू र आमाबाबुहरू/अभिभावकहरूले सहमतिमा हस्ताक्षर नगरेसम्म स्ट्राइभ प्रेप प्रविधि वा इन्टरनेट सेवाको प्रयोग गर्न पाइनेछैन। सम्पूर्ण स्ट्राइभ प्रेप नियमहरू तथा व्यवहार नीतिहरू स्कूलले जारी गरेका उपकरणहरू तथा इन्टरनेटमा लागू हुनेछन्, जसमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् - बुलिइङ, विभेद तथा उत्पीडन तथा आचार-संहिता नीतिहरू। स्ट्राइभ प्रेपले जारी उपकरणहरू वा इन्टरनेटको प्रयोगलाई अनुगमन गर्न सकिनेछ र त्यस्तो प्रयोगमार्फत प्रसारण गरिएका सञ्चारहरूमा गोप्यताको अपेक्षा हुँदैन भन्ने कुरा विद्यार्थीहरू र परिवारहरूले बुझेका छन्। यो सहमति र नीतिको एउटा सारांश हो, र आमाबाबुहरू/अभिभावकहरू तथा विद्यार्थीहरूले यसको पूर्ण संस्करण मुख्य कार्यालयबाट पाउन सक्नेछन् वा आफ्ना रजिस्ट्रेसन सामग्रीहरूको सन्दर्भ लिन सक्नेछन्।

**स्ट्राइभ प्रेप खेलकुद**

**खेल खेलकुद सहभागिता शुल्क**

सशक्त क्याम्पस टिमहरूको निर्माणलाई निरन्तरता दिन प्रत्येक टिमले तालिकामा राखिएका विद्यार्थीहरूका लागि सहभागिता शुल्क तोकेको छ। हाइ स्कूल विद्यार्थीहरूले प्रति खेल $40 भुक्तानी गर्नेछन् (खेलमा सहभागिता शुल्क प्रतिवर्ष प्रति विद्यार्थी अधिकतम $80)। यस शुल्कले अधिकारीहरू, उपकरणहरू, जर्सीहरू, यातायात, तथा टिम सञ्चालन गर्न आवश्यक अन्य वस्तुहरूका लागि भुक्तानी गर्न सहयोग गर्छ। बुझाउनुपर्ने आवश्यक फारामहरूका साथसाथै प्रतिस्पर्धात्मक तरिकाले खेल्नका लागि योग्यता आर्जन गर्न लाग्ने शुल्कबारे तपाईँको बच्चाले घरमा सञ्चार पठाउनेछन्। परिवारहरूले नगद, चेक, वा क्रेडिट कार्डद्वारा भुक्तानी गर्न सक्नेछन्। यदि तपाईँ खेलकुद सहभागिता शुल्क समयमै भुक्तानी गर्न सक्नुहुन्न भने योजना बनाउन कृपया आफ्नो क्याम्पसका खेलकुद निर्देशकसँग सम्पर्क गर्नुहोस्।

**खेलकुद योग्यता**

- स्ट्राइभ प्रेप हाइ स्कूलहरूले योग्यताका लागि कोलोराडो हाइ स्कूल क्रियाकलाप सङ्गठन मार्गदर्शनहरूको पालना गर्छ। प्रत्येक हाइ स्कूलसँग आफ्नो स्कूलका लागि निर्दिष्ट रूपमा निर्माण गरिएको एउटा योग्यता योजना हुन्छ, जुन कुनै साझेदार कार्यक्रमहरूसँगको समन्वयमा आफ्ना मार्गदर्शनहरूमा आधारित हुन्छ। उक्त योग्यता योजना क्याम्पस खेलकुद निर्देशक, प्रशिक्षकहरू तथा एडमिन टिमद्वारा प्रत्येक ऋतु अगाडि आमाबाबुहरू/अभिभावकहरूसँग सञ्चार गरिनेछ।
- एउटा योग्यता तालिका प्रशासकीय टिमले हरेक हप्ता एकत्रित गर्छ।

**शारीरिक जाँचहरू**

कुनै पनि प्रतिस्पर्धात्मक खेलकुदअघि, सम्पूर्ण विद्यार्थीहरूलाई कुनै प्रामाणिक फिजिसियनद्वारा औपचारिक शारीरिक जाँच दिनुपर्नेछ तथा खेलकुद क्रियाकलापहरूसम्बन्धी कसरतहरू, अभ्यासहरू, र प्रतिस्पर्धामा सहभागी हुन स्वीकृति लिनुपर्नेछ। परिवारहरूलाई आफ्ना शारीरिक जाँचहरू ग्रीष्ममा तय गर्न सिफारिस गरिन्छ, जसले गर्दा विद्यार्थीहरूसँग पूरा शैक्षिक सत्रका लागि वैध शारीरिक जाँच रहोस्। कुनै पनि विद्यार्थीलाई शारीरिक जाँचको पुनर्प्रमाणीकरण प्रदान गर्न आवश्यक गर्ने अधिकार स्ट्राइभ प्रेपले सुरक्षित राखेको छ।

**पाठ्यपुस्तकहरू**

विद्यार्थीहरूलाई स्कूल पाठ्यपुस्तकहरू तथा कक्षाकोठा उपन्यासहरू प्रदान गर्न सकिनेछ र उनीहरूले ती पुस्तकहरू वर्षभरि राम्रो अवस्थामा राख्नुपर्नेछ। क्षतिग्रस्त वा हराएका पुस्तकहरू आमाबाबु/अभिभावकहरूका जिम्मेवारी हुनेछन् र त्यसका लागि शुल्क लाग्न सक्नेछ।

**विद्यार्थी फोन प्रयोग/सेलफोनहरू**

आवश्यकता भएमा, र आपत स्थितिमा आफ्ना आमाबाबु/अभिभावकलाई सम्पर्क गर्नका निमित्त विद्यार्थीहरूलाई स्कूलको फोनमा पहुँच हुनेछ। यदि कुनै विद्यार्थीलाई आमाबाबु/अभिभावकसँग सम्पर्क गर्न आवश्यक भए, उक्त विद्यार्थीले स्कूलको फोन प्रयोग गर्न स्टाफको अनुमति लिने अपेक्षा गरिन्छ।

सेलफोनहरू सिकाइका लागि विकर्षण हुन र विद्यार्थीहरूले स्कूल समयमा सेलफोन प्रयोग गर्न पाउनेछैनन्। सेलफोनहरू स्कूल समयमा बज्नु हुनेछैन र देखिनुहुने छैन। यदि कुनै सेलफोन बज्छ वा देखिन्छ भने स्टाफ सदस्यले उक्त फोन खोस्नेछन् र आमाबाबु वा अभिभावकलाई मात्र फिर्ता गर्नेछन्।

विद्यार्थीहरू आफ्ना सेलफोनहरूको सुरक्षाका लागि पूर्णतया तथा मात्र जिम्मेवार रहनेछन्। स्ट्राइभ प्रेपका स्टाफले कुनै सेलफोनको चोरी, नाश, वा क्षतिका लागि कुनै जिम्मेवारी लिँदैनन् न कुनै स्टाफ सदस्यले सेलफोनहरूसम्बन्धी मुद्दाहरूको अनुसन्धान नै गर्छन्।

**व्यक्तिगत सम्पत्ति**

स्कूलमा ल्याइएको सम्पूर्ण सम्पत्ति ल्याउने व्यक्तिकै जोखिममा ल्याइन्छ। स्ट्राइभ प्रेपले विद्यार्थीहरूसम्बन्धी कुनै पनि सम्पत्तिका लागि जिम्मेवारी वहन गर्दैन। विकर्षण गर्ने वा अनुपयुक्त वस्तुहरू विद्यार्थीबाट लिइनेछन् र स्कूल समयको अन्त्यमा फिर्ता गरिनेछन्, जुन फिर्ता लिन प्रायः आमाबाबु/अभिभावकले स्कूल आउनुपर्नेछ (सेलफोनहरू तथा अनधिकृत इलेक्ट्रोनिक्स)। दोहोरिइरहने उल्लङ्घनहरूका लागि आमाबाबु/अभिभावक सम्मेलन आवश्यक हुनेछ। विद्यार्थीहरूले ठूलो मात्राको पैसा स्कूलमा ल्याउनुहुने छैन।

एयरपोड्ससहित, हेडफोनहरू, शिक्षकले स्पष्ट रूपमा विद्यार्थीहरूले लिएर प्रयोग गर्नसक्छन् नभनुन्जेल स्कूल समयको अवधिमा टाढा राख्नुपर्नेछ।

**हराएको र भेटिएको**

स्कूलको हराएको र भेटिएको स्थान मुख्य कार्यालय छेउमा छ। एक महिनाभित्र दाबी नगरिएका वस्तुहरू परोपकारी सङ्गठनहरूलाई दान दिइनेछ।

**स्कूल आपूर्तिहरू**

उपयुक्त सामग्रीहरूसहित स्कूल आउनु विद्यार्थीहरूको जिम्मेवारी हो। यदि विद्यार्थीहरू वा अभिभावकहरूलाई आफ्नो बच्चासँग उपयुक्त स्कूल सामग्रीहरू भएको सुनिश्चित गर्न मद्दत आवश्यक छ भने उक्त विद्यार्थी वा आमाबाबुहरू/अभिभावकहरूले विद्यार्थीको सल्लाहकार, स्कूल परामर्शदाता वा प्रिन्सिपलसँग कुरा गर्नुपर्नेछ।

**विद्यार्थीहरूको खोप**

डेनभर पब्लिक स्कूल्सको नीतिअनुसार, कुनै पनि विद्यार्थीहरूलाई रोगहरूविरूद्ध खोपका विषयमा कानुनी आवश्यकताहरू पूरा नगरी स्कूल पढ्न वा स्कूलको पढाइ जारी राख्न दिइनेछैन, जबसम्म उक्त विद्यार्थीसँग कानुनले स्वास्थ्य, धार्मिक, व्यक्तिगत, वा अन्य कारणहरूका लागि वैध छुट हुँदैन।

**विद्यार्थी मेडिया सहमति तथा प्रकटीकरण**

स्ट्राइभ प्रेप हाम्रा विद्यार्थीहरू तथा स्टाफका उपलब्धिहरूको उत्सव मनाउन तथा तिनमाथि प्रकाश पार्न र हाम्रो समुदायमा स्ट्राइभ प्रेपका क्रियाकलापहरूको प्रवर्द्धन गर्न चाहन्छ। उदाहरणका लागि, विद्यार्थीहरू वा विद्यार्थीको काम समाचारपत्र, रेडियो, टिभी, वेब, प्रदर्शनहरू, ब्रोसरहरू, सूचनापत्रहरू तथा अन्य किसिमका मेडियामार्फत शिक्षकहरूलाई तालिम दिँदा र/वा हाम्रा स्कूलहरूबारे सामुदायिक सचेतना वृद्धि गर्न सामग्रीका रूपमा प्रस्तुत गर्न सकिन्छ। रजिस्ट्रेसनका बेला आमाबाबु/अभिभावकहरूलाई मेडिया सहमति तथा प्रकटीकरण फाराम प्रदान गरिनेछ। यदि तपाईँसँग प्रश्नहरू भए, कृपया आफ्नो स्कूल प्रिन्सिपलसँग सम्पर्क गर्नुहोस्।

**प्रकाशित सामग्रीहरू वा प्रलेखहरूको वितरण**

स्कूलद्वारा र स्कूलका लागि तयार गरिएका प्रकाशनहरू प्रिन्सिपल, सल्लाहकार, वा शिक्षकको पूर्व-स्वीकृति लिएर बृहत्तर समुदायमा पोस्ट गर्न वा वितरण गर्न सकिनेछ। त्यस्ता सामग्रीहरूमा स्कूल पोस्टरहरू, ब्रोसरहरू, भित्तेचित्रहरू आदि सामेल हुनसक्छन्। सम्पूर्ण स्कूल प्रकाशनहरू शिक्षक, प्रायोजक, र प्रिन्सिपलको सुपरिवेक्षणअन्तर्गत रहनेछन्।

कुनै विद्यार्थीले प्रिन्सिपलबाट पूर्व-स्वीकृति प्राप्त नगरीकन, लिखित सामग्री, फोटाहरू, चित्रहरू, याचिकाहरू, फिल्महरू, टेपहरू, पोस्टरहरू, वा अन्य दृश्य वा श्रवण सामग्रीहरूलाई स्कूलमा वा स्कूल परिसरमा पोस्ट गर्न, बेच्न, प्रसारित गर्न वा वितरण गर्न पाइनेछैन। यस्तो स्वीकृतिबिनै प्रदर्शन गरिएका सामग्रीहरू हटाइनेछ।

**ब्यापार**

प्रिन्सिपलको अनुमतिबिना विद्यार्थीहरूले स्कूल परिसरभित्र केही पनि बेच्न पाउनेछैनन्। उनीहरूले प्रिन्सिपलको पूर्व-अनुमतिबिना आफ्नै उद्देश्यका लागि वा आफू संलग्न भएको स्कूलबाहिरको सङ्गठनका निमित्त रकम वा सामग्रीहरू सङ्कलन गर्न पाउनेछैनन्।

**सर्वाधिकार सामग्रीहरू तथा बौद्धिक सम्पत्ति**

विद्यार्थीहरूले सर्वाधिकार कानुन तथा बौद्धिक सम्पत्ति कानुनहरूका प्रावधानहरूको पालना गर्नुपर्नेछ। स्ट्राइभ प्रेपले कुनै पनि रूपमा गैरकानुनी नक्कल वर्जित गरेको छ। छापा वा गैर-छापा जस्तो भए तापनि, अनलाइन प्रकाशित; वा सफ्टवेयर, सङ्गीत, डिजिटल माध्यम वा कुनै प्रदर्शनका रूपमा भएका सर्वाधिकार सामग्रीहरूको नक्कल गरिने वा प्रदर्शन गरिनेछैन, जबसम्म सर्वाधिकार धारकबाट त्यस्तो प्रयोगको उपयुक्त लिखित अनुमति प्राप्त गरिँदैन। विद्यार्थीहरू र आमाबाबु/अभिभावकहरू आफ्नो स्कूल कार्यमा त्यस्ता सामग्रीहरूको प्रयोगका विषयमा कुनै प्रश्नहरू भए / नभएको कुरा आफ्ना प्रिन्सिपललाई सोध्न प्रतिबद्ध छन्।

सर्वाधिकार, प्याटेन्ट वा अन्य किसिमको बौद्धिक सम्पत्तिसहित तर यतिमै सीमित नभएका सम्पूर्ण बौद्धिक सम्पत्तिको स्वामित्व, तथा सम्पूर्ण अधिकारहरू, शीर्षक, र रुचि जुन स्ट्राइभ प्रेपमा उनीहरूको पाठ्यक्रम तथा भर्नाको क्षेत्रभित्र रही वा स्ट्राइभ प्रेप संसाधनहरूको प्रयोग (उपकरण, आपूर्तिहरू, सुविधाहरू वा गोप्य व्यापार-रहस्य जानकारीसहित तर यतिमै सीमित नरहेको) गरेर विद्यार्थीहरूद्वारा सिर्जना गरिएको सामग्री उक्त विद्यार्थी र स्ट्राइभ प्रेपको संयुक्त सम्पत्ति हो। विद्यार्थीहरू तथा उनीहरूका आमाबाबु/अभिभावकहरूले संयुक्त स्वामित्व निर्धारण गर्छन्, र त्यस्तो स्वामित्वका सम्पूर्ण अधिकारहरू तथा लाभहरू स्ट्राइभ प्रेपलाई प्रदान गर्छन्। स्ट्राइभ प्रेपले विद्यार्थी सामग्रीहरूलाई बाह्य सङ्गठनहरूलाई प्रयोग गर्ने अनुमति प्रदान गर्नसक्छ वा विद्यार्थीले सिर्जना गरेका सामग्रीहरू, फन्ड सङ्कलन वा अन्य कारणहरूका लागि प्रकाशनहरूमा प्रयोग गर्नसक्छ। सम्भव भएसम्म, स्ट्राइभ प्रेपले विद्यार्थीहरूको कार्य प्रकाशित गर्नुअघि वा बाह्य प्रयोग गर्नुअघि आमाबाबु/अभिभावकलाई सूचित गर्नेछ।

**अनौपचारिक र औपचारिक गुनासो समाधानका लागि अनुरोध**

स्कूल प्रशासन तथा स्ट्राइभ प्रेप ट्रस्टी बोर्डले आमाबाबु/अभिभावकहरू वा समुदायका सदस्यहरूको गुनासो सुन्न र समाधान गर्न संयुक्त रूपमा काम गर्छन्।

यदि गुनासो विद्यार्थी व्यवहार वा स्कूल आपूर्तिहरूका विषयमा भए स्ट्राइभ प्रेपले गुनासोकर्तालाई पहिले संलग्न स्टाफ सदस्यसँग प्रत्यक्ष समस्याको समाधान गर्न प्रोत्साहित गर्छ। यदि गुनासोकर्ता संलग्न स्टाफ सदस्यले प्रस्तावित गरेको समाधानप्रति असन्तुष्ट भए, दिइएका परिस्थितिहरूमा उक्त समाधान व्यावहारिक नभए वा गुनासोकर्तालाई स्कूलले लागूयोग्य कानुनहरू तथा नियमनहरूको उल्लङ्घन गरेको लागे, गुनासोकर्ताले स्कूल प्रिन्सिपलसँग बैठकका लागि अनुरोध गर्नुपर्नेछ। यदि उक्त समस्या स्कूल प्रिन्सिपलसँग समयोचित (गुनासो बुझाएको 5 स्कूल दिन नकटीकन) तवरमा समाधान नभए, गुनासोकर्ताले स्कूलका प्रबन्ध निर्देशकसँग सम्पर्क गरेर समाधान अनुरोध गर्न वा औपचारिक गुनासो दायर गर्न सक्नेछन्। स्कूलको प्रबन्ध निर्देशकको सम्पर्क जानकारी स्कूलबाट पाउन सकिनेछ वा managingdirectors@striveprep.org मा सम्पर्क गरेर पाउन सकिनेछ।

यदि यस प्रक्रियामार्फत गुनासोकर्ता सन्तुष्ट हुने गरी गुनासाको समाधान भएन भने उसले वा उनले स्ट्राइभ प्रेपका प्रमुख कार्यकारी अधिकारीलाई info@striveprep.orgमा लिखित अनुरोध बुझाएर सो समाधानको समीक्षा गर्न अनुरोध गर्न सक्नेछन्। यदि उक्त गुनासो सिइओ द्वारा पनि समाधान भएन भने गुनासोकर्ताले गुनासो समीक्षा गरिमाग्नका लागि बोर्डलाई औपचारिक अनुरोध बुझाउन सक्नेछन्।

# विभेद तथा उत्पीडनमा निषेध

स्ट्राइभ प्रेपका सम्पूर्ण विद्यार्थी तथा स्टाफलाई सुरक्षित र सम्मानित अनुभव गर्ने अधिकार छ। फेडेरल नागरिक अधिकार कानुनअनुसार (दफा VI, दफा IX, असक्तता भएका अमेरिकीहरू अधिनियम, खण्ड 504, तथा उमेर विभेद अधिनियम) राज्य कानुन, तथा स्ट्राइभ प्रेप नीतिहरू स्ट्राइभ **प्रेपले वर्ण, जातियता, लिङ्ग, यौनिक झुकाव, लैङ्गिक पहिचान वा अभिव्यक्ति, ट्रान्सजेन्डर स्थिति, धर्म, उत्पत्ति राष्ट्र, पुर्ख्यौली, उमेर, वैवाहिक स्थिति, भेटेरन स्थिति, असक्तता, वा स्थानीय, राज्य वा फेडेरल कानुनद्वारा संरक्षित अन्य कुनै स्थितिका आधारमा आफ्नो शैक्षिक कार्यक्रमहरूमा वा क्रियाकलापहरूमा वा रोजगारमा भर्ना हुँदा, पहुँच राख्दा, वा व्यवहारमा विभेद गर्दैन।** उत्पीडन वर्जित विभेदकै एउटा रूप हो। स्ट्राइभ प्रेपले असल नियतले गुनासो गर्दा वा असल नियतले विभेद वा उत्पीडनको अनुसन्धानमा सहभागी हुँदा कुनै व्यक्ति विरुद्ध गरिने प्रतिकार वर्जित गरेको छ। यौनजन्य उत्पीडनसहित, सबै किसिमका विभेदहरू तथा उत्पीडन सहन गरिनेछैन।

स्कूलहरू, स्कूल मैदानहरू, स्ट्राइभ प्रेप कार्यालय स्थानहरू, वा स्ट्राइभ प्रेप सम्बन्धित अन्य व्यवस्थापनमा विभेद र उत्पीडनको कुनै स्थान छैन। कर्मचारीहरू, विद्यार्थीहरू, र समुदायका सदस्यहरूबाट गरिने विभेद र उत्पीडन सहन गरिनेछैन।

यदि तपाईँ, दफा IX सहित, उत्पीडन विभेदको सरोकार उठाउन आवश्यक कुनै विद्यार्थी, आमाबाबु/अभिभावक, समुदायको सदस्य, वा कर्मचारी हुनुहुन्छ भने रिपोर्ट गर्न कृपया स्कूलका लागि त्यस्तो व्यवहार भएको स्कूल नेतृत्वकर्तालाई (वा स्ट्राइभ प्रेप केन्द्रीय कार्यालय) सम्पर्क गर्नुहोस् वा स्ट्राइभ प्रेपको दफा IX संयोजकलाई सम्पर्क गर्नुहोस्  reportdiscrimination@striveprep.org मा सम्पर्क गर्नुहोस्। स्ट्राइभ प्रेप स्टाफ मात्र संलग्न भएका घटनाहरूका लागि तपाईँले hrsupport@striveprep.org मा इमेल गरेर मानव संसाधन सहयोगलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ।

स्ट्राइभ प्रेपले उत्पीडनका सम्पूर्ण सरोकारहरू तथा रिपोर्टहरूको चुस्त अनुसन्धान गर्नेछ। स्ट्राइभ प्रेपको गैरउत्पीडन तथा गैरविभेद नीतिहरू तथा समाधान प्रक्रियाबारे बढी जान्नका लागि, कृपया www.striveprep.org/resources हेर्नुहोस्। स्ट्राइभ प्रेपका गैरउत्पीडन तथा गैरविभेद नीतिहरू तथा समाधान प्रक्रियाका पूर्ण प्रतिहरू प्रत्येक परिसर तथा केन्द्रीय कार्यालयमा समेत उपलब्ध छन्।

**दफा IX**

स्ट्राइभ प्रेपका दफा IX संयोजकलाई reportdiscrimination@striveprep.org, मा सम्पर्क गर्न सकिनेछ: फोनद्वारा 720.772.4300 मा वा हुलाकमार्फत STRIVE Prep - Central Office 2480 W. 26th Ave., Suite B-360 Denver, CO  80211 मा सम्पर्क गर्न सकिनेछ।  हरेक परिसरका प्रिन्सिपल दफा IX का लियाजोँ हुन्। रिपोर्टहरू सोझै लियाजोँ वा संयोजकलाई गर्न सकिनेछ। दफा IX नीतिहरू तथा कार्यविधिहरूमा बढी जानकारीका, कृपया www.striveprep.org/resources.हेर्नुहोस्।

# फर्पा अन्तर्गत अधिकारहरूको सूचना

*परिवार शैक्षिक अधिकार तथा गोप्यता अधिनियम (फर्पा)* एउटा फेडेरल गोप्यता कानुन हो जसले आमाबाबु/अभिभावकहरू (र योग्य विद्यार्थीहरू) लाई उनीहरूका बालबालिकाहरूको शिक्षा रेकर्डहरूका विषयमा निश्चित संरक्षणहरू प्रदान गर्छ। तपाईँको बच्चाको गोप्यता सुरक्षित राख्नका लागि, उक्त कानुनले तपाईँको बच्चाको व्यक्तिगत रूपमा पहिचानयोग्य जानकारी तपाईँबाहेक अन्य व्यक्ति सामु प्रकट गर्नुअघि लिखित अनुमति माग्न अनिवार्य गरेको छ। एक आमाबाबु/अभिभावक (वा योग्य विद्यार्थी) का रूपमा, तपाईँसँग आफ्नो बच्चाका शैक्षिक रेकर्डहरूका विषयमा निश्चित अधिकारहरू पनि छन्।

फर्पा, शैक्षिक रेकर्डहरू, फर्पाअनुसार आमाबाबु/अभिभावक अधिकारहरू, निर्देशिका जानकारी, निर्देशिका जानकारीका रूपमा स्ट्राइभ प्रेपले के नियुक्त गरेको छ, तथा निर्देशिका जानकारीका अधिकारहरूबाट तपाईं कसरी बाहिरिन सक्नुहुन्छ भन्नेबारे बढी जान्न www.striveprep.org/resources हेर्नुहोस्। आमाबाबु/अभिभावकहरूलाई रजिस्ट्रेसनका बेला पनि फर्पा जानकारी प्रदान गरिन्छ।

# 2022-23 शैक्षिक सत्र स्कूल-परिवार प्रतिबद्धता

**आमाबाबुहरू तथा अभिभावकहरूका लागि:**

- म स्ट्राइभ प्रेपको कडा शैक्षिक कार्यक्रम र व्यवहारको उच्च स्तरमा सहयोग गर्न प्रतिबद्ध छु।
- म स्वीकृत अनुपस्थितिमा बाहेक, जतिबेला म मेरो बच्चा अनुपस्थित हुने वा बिलम्ब हुने प्रत्येक दिन 9 पूर्वाह्नअघि नै स्कूललाई फोन गर्नेछु, मेरो बच्चा स्कूल समयमा, पोसाकमा, हरेक दिन, पुगेको निश्चित गर्न प्रतिबद्ध छु।
- म मेरो बच्चाको स्कूलकार्य, गृहकार्य, तथा ग्रेडहरू नियमित रूपमा अनुगमन गर्न प्रतिबद्ध छु। म सधैँ उसलाई/उनलाई कठिन परिश्रम गर्न र सम्भावित सर्वोत्तम कार्य उत्पादन गर्न प्रोत्साहित गर्नेछु।
- म मेरो बच्चाका लागि त्यस्तो वातावरण प्रदान गर्न प्रतिबद्ध छु, जसमा विद्यार्थीले सफा डेस्क वा टेबल र आवश्यक सामग्रीहरूसहित उनीहरूको गृहकार्य गर्न सकून्।
- म यदि मेरो बच्चाको शैक्षिक प्रगतिबारे वा सामाजिक-भावनात्मक सिकाइबारे प्रश्नहरू वा सरोकारहरू भए स्ट्राइभ प्रेपमा फोन गर्न र वर्षभरि आवश्यक आमाबाबु/अभिभावक कार्यक्रमहरूमा उपस्थित हुन प्रतिबद्ध छु।

**विद्यार्थीहरूका लागि:**

- म हरेक दिन पोसाक (अन्यथा निर्देशित नगरेसम्म) लगाएर समयमै स्कूल आउन प्रतिबद्ध छु।
- मैले स्ट्राइभ प्रेप मूल्यहरू बुझेको छु र तिनलाई पालना गर्न सधैँ सर्वोत्तम प्रयास गर्ने छु।
- म हरेक कामप्रति पूरा सम्मान गर्न र ध्यान दिन प्रतिबद्ध छु।
- म हरेक राति मेरो गृहकार्य गर्न, सफासँग उक्त कार्य स्कूलमा ल्याउन, र उपयुक्त समयमा बुझाउन प्रतिबद्ध छु।
- म स्कूलमा मेरो प्रगति, मेरा ग्रेडहरू, मेरा असाइनमेन्टहरू, तथा मेरो व्यवहारका विषयमा मेरा आमाबाबुहरू अभिभावकहरूसँग नियमित रूपमा र इमानदारितापूर्वक कुरा गर्न प्रतिबद्ध छु।

**यस अतिरिक्त, शिक्षक तथा स्टाफले विद्यार्थीहरू र परिवारहरूप्रति निम्नलिखित प्रतिबद्धताहरू गर्छन्:**

- म मेरा सम्पूर्ण व्यावसायिक कर्तव्यहरू उत्कृष्ठतासहित पूरा गर्न तथा जुन बेला मैले जुन ठाउँमा हुनुपर्ने हो त्यस ठाउँमा त्यति बेला उपस्थित हुन प्रतिबद्ध छु।
- म मैले पढाउने हरेक कक्षाका लागि पूर्ण रूपमा तयार हुन प्रतिबद्ध छु।
- म स्ट्राइभ प्रेप ग्रेडिङ नीतिले रेखाङ्कित गरेअनुसार निपुणता मूल्याङ्कनहरूमा तथा शैक्षिक आदतहरूमा समयोचित तवरले ग्रेडिङ गर्न तथा पृष्ठपोषण प्रदान गर्न प्रतिबद्ध छु।
- म सम्पूर्ण नियमहरू तथा नीतिहरू निरन्तर तथा निष्पक्ष रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध छु।
- म मेरा विद्यार्थीहरूका आमाबाबु/अभिभावकहरूलाई कम्तीमा चार हप्तामा एक पटक सम्पर्क गर्न र सकारात्मक तथा नकारात्मक पृष्ठपोषण सञ्चार गर्न मेरा विद्यार्थीहरूका आमाबाबु/अभिभावकहरूलाई युक्तिसङ्गत आवृत्तिमा सम्पर्क गर्न प्रतिबद्ध छु।
- म शैक्षिक कार्यसम्पादनको तथा उपयुक्त व्यवहारको उच्चतम स्तर कायम राख्नका लागि प्रतिबद्ध छु।

- म मेरा विद्यार्थीहरूलाई व्यक्तिका रूपमा हेर्न र उनीहरूको वास्तविक सम्भाव्यता दृष्टि कहिल्यै नगुमाउन प्रतिबद्ध छु।

आमाबाबु/अभिभावकको हस्ताक्षर______________________ मिति_____________
विद्यार्थी हस्ताक्षर ____________________________ मिति _____________

# प्रविधिको जिम्मेवार प्रयोग सहमति

**जिम्मेवार प्रयोग**

सम्पूर्ण स्ट्राइभ प्रेप नियमहरू तथा व्यवहार नीतिहरू स्कूलद्वारा जारी गरिएका उपकरणहरू र इन्टरनेट प्रयोगमा लागू हुन्छन्, जसमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् - बुलिइङ, विभेद तथा उत्पीडन र आचार-संहिता नीतिहरू। स्कूलद्वारा जारी गरिएका उपकरणहरूको प्रयोग गरेर वा स्ट्राइभ प्रेप इन्टरनेट प्रयोग गरेर स्कूल नीतिहरू वा कानुनहरू उल्लङ्घन गर्ने विद्यार्थीहरूले अनुशासनात्मक कारबाहीको सामना गर्नुपर्नेछ। स्ट्राइभ प्रेप प्रविधिको कुनै पनि प्रारूपको प्रयोग विद्यार्थीहरू तथा यस सहमतिमा हस्ताक्षर गर्ने आमाबाबु/अभिभावकहरूले माथि निर्भर रहन्छ।

विद्यार्थीहरू तथा आमाबाबु/अभिभावकहरूले इमेलमार्फत प्रेषित गरिएको समेत, स्ट्राइभ प्रेपले जारी गरेको उपकरणमा वा स्ट्राइभ प्रेप इन्टरनेट सेवा प्रयोगमार्फत प्रसारण गरिएको सम्पूर्ण तथ्याङ्क स्कूल प्रशासनले अनुगमन गर्न र पाउन सक्नेछ भन्ने बुझेका छन्।

आमाबाबु/अभिभावकहरूसँगको सहकार्यमा, स्ट्राइभ प्रेपले विद्यार्थीहरूलाई उपयुक्त प्रविधि तथा इन्टरनेट प्रयोगबारे शिक्षित बनाउँछ। स्ट्राइभ प्रेप उपयुक्त प्रविधि तथा इन्टरनेट प्रयोगबारे बच्चाहरूसँग कुरा गर्न उनीहरूका आमाबाबु/अभिभावकमा भर पर्छ। यदि तपाईँ आफ्नो बच्चासँग कसरी उपयुक्त प्रयोगबारे छलफल गर्ने भन्ने विषयमा सहयोग चाहनुहुन्छ भने संसाधनहरूका लागि कृपया आफ्नो स्कूलको प्रिन्सिपलाई अनुरोध गर्नुहोस्।

**सिपा अनुपालन**

स्ट्राइभ प्रेपले बालबालिकाहरूका लागि हानिकारक वा अनुपयुक्त मानिएका इन्टरनेटको विषयवस्तु अनुगमन गरेर, फिल्टर गरेर तथा ब्लक गरेर फेडेरल रूपमा नियमन गरिएको बालबालिकाहरूको इन्टरनेट सुरक्षण अधिनियम (सिपा) को पालना गर्छ। यो फिल्टर गर्ने नीति कानुनले अनिवार्य गरेको छ। अनुरोध गरिएको खण्डमा हाम्रो विस्तृत विषयवस्तु फिल्टरिङ नीतिको एक प्रति उपलब्ध हुनेछ।

स्ट्राइभ प्रेपको विषयवस्तु फिल्टरले निश्चित सुरक्षा तथा आत्म-हानि क्रियाकलाप (ज्ञात प्रमुख शब्दहरू वा खोजीहरूको प्रयोग गरेर) को पनि अनुगमन गर्छ र नियुक्त क्याम्पस प्रशासकहरूलाई चेतावनी प्रदान गर्छ। अनुगमन तथा चेतावनीहरू स्कूल समयभित्र मात्र सञ्चालन गरिन्छन्। चेतावनीको कारणमा आधारित रहेर,

चेतावनी स्थानीय कानुन कार्यान्वयन वा अन्य उपयुक्त पदाधिकारीहरूतर्फ अघिबढाउन सकिनेछ। तपाईँको बच्चालाई स्ट्राइभ प्रेपको प्रविधि र स्कूलद्वारा जारी गरिएको उपकरणहरूमा पहुँच प्रदान गरेर, आमाबाबु/अभिभावकहरू यस अनुगमन तथा चेतावनी प्रणालीले विद्यार्थीको अनलाइन क्रियाकलापहरू वा त्यस्ता क्रियाकलापहरूसम्बन्धी व्यवहारका लागि स्ट्राइभ प्रेपका पक्षमा कुनै जिम्मेवारी वा दायित्व सिर्जना गर्दैन भन्नेमा सहमत छन्। स्ट्राइभ प्रेपले, राज्य र फेडेरल कानुनअनुसार कुनै पनि समयमा आफ्नो अनुगमन तथा चेतावनी प्रणाली परिवर्तन गर्न सक्नेछ। अनुगमन तथा चेतावनी प्रणालीबारे प्रश्नहरू हुने आमाबाबु/अभिभावकले आफ्नो बच्चाको प्रिन्सिपलसँग कुरा गर्नुपर्नेछ।

**क्षति/दायित्व**

विद्यार्थी प्रयोगकर्ताहरू तथा तिनका परिवारहरू क्षतिग्रस्त, हराएका वा चोरी भएको सम्पत्तिको आर्थिक प्रभावका लागि जिम्मेवार रहनेछन्, जुन स्कूलको कार्य-स्वतन्त्रतामा आधारित रहेर पुनर्स्थापनको मूल्य ($250 प्रति क्रोमबुक) सम्म र सोसमेत हुनेछ। यदि तपाईँको विद्यार्थीको स्कूलद्वारा जारी गरिएको उपकरण क्षतिग्रस्त भयो, हरायो वा चोरी भयो भने तपाईँले तुरुन्तै स्कूल प्रिन्सिपललाई सूचित गर्नुपर्नेछ।

**उल्लङ्घनहरू**

स्ट्राइभ प्रेपले निर्दिष्ट प्रयोगकर्ता सुविधाहरू अस्वीकार गर्ने, रद्द गर्ने वा निलम्बन गर्ने र/वा आवश्यकताअनुसार अन्य अनुशासनात्मक कारबाही गर्ने अधिकार सुरक्षित राख्छ, जुन यस नीतिको उल्लङ्घनका लागि निलम्बन वा निष्कासनसम्मको वा सहित हुनसक्नेछ। स्कूलले स्ट्राइभ प्रेप इन्टरनेट सेवामार्फत गरिएका गैरकानुनी गतिविधिहरू उपयुक्त कानुन कार्यान्वयन एजेन्सीहरूलाई सल्लाह दिनेछ। उक्त सेवामार्फत सञ्चालन गरिएका कुनै पनि गैरकानुनी गतिविधिहरूसम्बन्धी कुनै पनि अनुसन्धानमा स्कूलले स्थानीय, राज्य, र/वा फेडेरल अधिकारीहरूसँग पूर्ण सहयोग प्रदान गर्नेछ।

तल हस्ताक्षर गरेर, म मैले माथि उल्लेखित सर्तहरू पढेको, बुझेको र तीप्रति सहमत भएको स्वीकार गर्छु। मैले र मेरो बच्चाले यस सहमतिमा हस्ताक्षर नगरून्जेल मेरो बच्चालाई स्ट्राइभ प्रेप प्रविधि वा इन्टरनेट सेवामा पहुँच प्रदान गरिनेछैन भन्ने कुरा पनि मैले बुझेको छु।

आमाबाबु/अभिभावक हस्ताक्षर ______________________ मिति _____________

विद्यार्थी हस्ताक्षर ____________________________ मिति _____________

# आत्महत्या रोकथाम कार्यक्रम पत्र

प्रिय आमाबाबु वा अभिभावक,

स्ट्राइभ प्रेप तपाईँको बच्चाको सुरक्षा र कुशलताका लागि प्रतिबद्ध छ, र त्यसमा उनीहरूको मानसिक स्वास्थ्य पनि सामेल छ। हाम्रो समाजमा मानिसक स्वास्थ्यलाई शारीरिक स्वास्थ्य जसरी खुला रूपमा छलफल गरिँदैन। अवसादका भावनाहरू प्रायः लुकेका हुन्छन् किनकि तपाईँ अलमलिएको, हडबडिएको, वा लज्जित हुनुहुन्छ, र यस गोप्यताका परिणामहरू भयानक हुनसक्छन्।

कोलोराडोमा, आत्महत्या 10 देखि 24 वर्षेहरूमा मृत्युको पहिलो कारण बनेको छ; यद्यपि, **आत्महत्याको रोकथाम गर्न सकिन्छ।** आत्महत्याबारे सोचिरहेका युवाहरूले बारम्बार आफ्नो व्यथाका चेतावनीका सङ्केतहरू दिइरहेका हुन्छन्। आमाबाबु/अभिभावकहरू, शिक्षकहरू, तथा साथीहरू ती सङ्केतहरू देख्ने प्रमुख स्थानमा हुन्छन् र उनीहरूले मद्दत पाउन सहयोग गर्छन्। यस्ता सङ्केतहरूलाई कहिल्यै पनि हलुका रूपमा नलिनु र कहिल्यै तिनलाई गोप्य राख्ने बाचा नगर्नु जरूरी छ।

**चेतावनी सङ्केतहरू: हेर्नुहोस् र सुन्नुहोस्**

चेतावनीको सङ्केत कसैले आत्महत्याबारे विचार गरिरहेको कुराको सङ्केत हो। धेरैजसो मानिसहरूले आफ्ना मनसायहरूको भनक वा सङ्केत दिन्छन्। आमाबाबुहरूले सधैँ आत्महत्याप्रतिको कुनै पनि सन्दर्भ वा आत्महत्याका चेतावनीका सङ्केतहरूलाई गम्भीर रूपमा लिनुपर्नेछ। यदि तपाईँले कुनै चेतावनीको सङ्केत देख्नु/सुन्नुहुन्छ भने तत्काल मद्दत माग्नुहोस्।

- आत्महत्याबारेको कुराकानी, निराश आवाजहरू, पीडाको अभिव्यक्ति, वा व्यथाले विह्वल भएको आवाज सुन्नुहोस्।
    - "म मरेकै भए पनि हुन्थ्यो" र "अब यसबारेमा व्यवहार गर्न म धेरै रहनेछैन"
- ठूला परिवर्तनहरूमा नजर राख्नुहोस्, जस्तै:
    - रूपरङ वा मनोदशा (जस्तैः व्याकुलता) वा भावनाहरू (जस्तैः क्रोध)मा महत्त्वपूर्ण परिवर्तनहरू
    - अत्यन्त निर्लिप्त
    - बढेको वा घटेको निद्रा
    - जोखिमपूर्ण व्यवहारमा वृद्धि (मदिरा/लागू पदार्थ प्रयोग)
    - कुनै बेला रमाउने चिजहरूमा घटेको रुचि

**के गर्ने**:

यदि बच्चाले आत्महत्याका सङ्केतहरू देखाइरहेको छ भने तपाईँले गर्नुपर्ने काम यहाँ

छन्:

1. उनीहरू ठीक छन् छैनन् सोध्ने। शान्त रहने। आफ्नो बच्चाका सरोकारहरू सक्रिय रूपमा र गैर-आलोचनात्मक तवरले सुन्ने। आफ्ना सरोकारहरू साझा गर्ने। उनीहरूको कुशलता तथा सुरक्षाका लागि आफ्नो सरोकारमा ध्यान दिने।
2. युवालाई सोझै तथा शान्तसँग उसले वा उनले आत्महत्याबारे सोचिरहेको छन् वा छैनन् **सोध्ने** (जस्तैः "के तिमी आत्महत्याबारे सोचिरहेका छौ?", "के तिमी आफूलाई पीडा दिन वा मार्न खोजीरहेका छौ?")
3. उनीहरूलाई जीवनका सङ्घर्षहरू अपरिहार्य देखिन सक्छन् तर उनीहरूले सङ्घर्ष गरिरहेका भए केही राहत पुर्‍याउन आफूले सँगै काम गर्नसक्ने कुरा स्मरण गराउनुहोस्। जीवनका चुनौतीहरूको सामना गर्न सुरक्षित र स्वस्थकर तरिकाहरू छन्। उनीहरूलाई आफूले प्रेम गर्ने र आफू उनीहरूकै लागि भएको जनाउनुहोस्।
4. आफ्नो बच्चालाई आफूले वा अर्को विद्यार्थीले आत्महत्याका सङ्केतहरू देखाएको भए कुनै विश्वासिलो वयस्कलाई **बताउनेबा**रे सिकाउनुहोस्। उनीहरूले सङ्कटको सामना एक्लै गर्नुपर्दैन। मद्दत जहिल्यै उपलब्ध छ। शिक्षक, परिवारको सदस्य, आस्था नेतृत्वकर्ता, वा मानसिक स्वास्थ्य प्रदायक जोसुकैकामा गएर भए तापनि, आफूहरू कुन परिस्थितिबाट गुज्रिरहेका छौँ भन्नेबारे कसैसँग कुरा गर्दा उनीहरूलाई राम्रो अनुभव गर्न तथा सामना गर्ने नयाँ तरिकाहरू पत्तालगाउन मद्दत मिल्छ।
5. **मद्दत लिनुहोस्:** उनीहरूलाई व्यावसायिक मद्दत उपलब्ध गराउनुहोस्। उक्त समस्या घरमा हल गर्ने लोभबाट बच्नुहोस्। हाम्रा बालबालिकाहरूले सङ्घर्ष गर्दै गर्दा, उनीहरूलाई हामीले प्रदान गर्नसक्नेभन्दा बढी सहयोग चाहिनसक्छ भन्ने सम्झिनुहोस्। व्यावसायिक मद्दतका लागि सम्पर्क गर्नु आफ्नो बच्चालाई आफूले माया गरेको देखाउने एउटा तरिका हो। एक आमाबाबुका रूपमा, तपाईँले विशेषज्ञहरूमा भर पर्नुपर्छ; यसमा तपाईँ एक्लै हुनुहुन्न। यदि तपाईँको बच्चा सन्निकट जोखिममा छ भने उनीहरूलाई एक्लै नछोड्नुहोस्; सङ्कट आपतकालीन लाइनमा फोन गर्नुहोस्।
    - ***कोलोराडो सङ्कट सेवालाई*** 1.844.493.TALK (8255) मा फोन गर्नुहोस्, जुन सुरक्षा वा भावनात्मक सङ्कटबाट प्रभावित जोसुकैका लागि एउटा 24/7/365 सहयोग लाइन हो। सबै फोन कलहरू मानसिक स्वास्थ्य विशेषज्ञसँग जोडिनेछन्, जसले तत्काल गोप्य सहयोग तथा अगाडिका संसाधनहरूका लागि सम्पर्क प्रदान गर्नेछन्। यस अतिरिक्त, तपाईँले आफ्नो सबैभन्दा नजिकको सङ्कट वाक-इन केन्द्रमा उपस्थित भएर वा 38255 मा “talk” टेक्स्ट सन्देश पठाएर टेक्स्ट वार्तालापमार्फत सहयोग पाउन सक्नुहुनेछ।
    - यदि तपाईँ कुनै बच्चाको सुरक्षाका विषयमा तत्काल चिन्तित हुनुहुन्छ भने र कसलाई फोन गर्ने हो निश्चित हुन सक्नुभएको छैन भने तपाईँले उक्त कुरा अज्ञात रूपमा 1.877.542.7233 मा फोन गरेर वा Safe2Tell.org मा गएर वा मोबाइल फोनमा **सेफटुटेल**

एप प्रयोग गरेर सेफटुटेललाई रिपोर्ट गर्न सक्नुहुन्छ। उक्त रिपोर्ट प्रतिक्रिया दिनसक्ने स्थानीय टोलीहरूलाई पठाइनेछ, जस्तैः स्कूल प्रशासकहरू, मानसिक स्वास्थ्य विशेषज्ञहरू, तथा कानुन कार्यान्वयन।

- 9-8-8 डायल गर्नुहोस्।

*आत्महत्यासम्बन्धी विचार अभिव्यक्त गर्ने वा आत्महत्याको प्रयास गर्ने र नमर्ने व्यक्तिहरूले अरूको ध्यान आफूतर्फ तान्न चाहेको र वास्तवमा गम्भीर नभएको कुरा एउटा मिथक मात्र हो।* आत्महत्यासम्बन्धी विचार वा सोको प्रयास - आधा मनले गरिएकै भए पनि - को अर्थ उक्त व्यक्तिले ठूलो पीडा अनुभव गरिरहेको छ भन्ने हो। गम्भीरता जस्तोसुकै भएता पनि, आत्महत्याको विचार वा प्रयास, व्यथाको सङ्केत हो र त्यसलाई गम्भीर रूपमा लिनुपर्नेछः **सुन्नुहोस् र मद्दत लिनुहोस।**

स्ट्राइभ प्रेपमा, हामीसँग तालिमप्राप्त स्कूल-आधारित मानसिक स्वास्थ्य विशेषज्ञहरू तथा प्रशासकहरू छन्, जो आत्महत्याबारे सोचिरहेका विद्यार्थीहरू वा अरू कसैले सोचिरहेको थाहा भए उनीहरूका लागि संसाधनहरू हुनसक्छन्। तालिमप्राप्त स्टाफ सदस्यसँग सम्पर्कमा रहन कृपया बाहिर निस्केर आफ्नो बच्चाको स्कूलमा सम्पर्क गर्नुहोस्। हामी तपाईँकै लागि यहाँ छौँ।

# विद्यार्थी तथा परिवार पुस्तिका सहमतिको वक्तव्य

मैले 2022-23 शैक्षिक सत्रका लागि स्ट्राइभ प्रेप हाइ स्कुल विद्यार्थी तथा परिवार पुस्तिकाको एक प्रति प्राप्त गरेको स्वीकार गर्छु। तल हस्ताक्षर गरेर, मेरो बच्चा र मैले यस पुस्तिकाका विषयवस्तुप्रति परिचित बन्ने जिम्मेवारी हाम्रो रहेको कुरा बुझेको तथा मेरो बच्चा र म यस पुस्तिकामा सामेल गरिएका नीतिहरू तथा कार्यविधिहरूको पालना गर्न सहमत रहेको जनाउ दिन्छौँ। अझ, मैले मेरो बच्चा स्ट्राइभ प्रेपमा भर्ना गरेर डिपिएस अनलाइन रजिस्ट्रेसनमार्फत पूरा गरिएका सम्पूर्ण रजिस्ट्रेसन जानकारी तथा आमाबाबु/अभिभावक अनुमति, सहमति तथा प्रकटीकरणहरू स्ट्राइभ प्रेपतर्फ विस्तारित हुनेछन् भन्ने मैले बुझेको छु र सोप्रति सहमत छु। यदि हामीसँग यस पुस्तिकाबारे वा कुनै पनि स्ट्राइभ प्रेप नीतिबारे प्रश्नहरू भए, हामीले स्कूल प्रिन्सिपलसँग कुरा गर्नुपर्नेछ भन्ने हामीले बुझेका छौँ।

| | |
|---|---|
| ________________________ | ________________________ |
| विद्यार्थीको नाम | आमाबाबु/अभिभावकको नाम |
| ________________________ | ________________________ |
| विद्यार्थी हस्ताक्षर | आमाबाबु/अभिभावकको हस्ताक्षर |
| ________________________ | ________________________ |
| मिति | मितिः |